सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ चैत २०८२, मंगलबार (31 March 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बिहीबारदेखि संसद्को हिउँदे अधिवेशन

२१ फागुनको निर्वाचनपछिको पहिलो संसद् अधिवेशनमा देखिनेछ बदलिएको शक्ति सन्तुलन, प्रतिनिधिसभामा रास्वपा दुईतिहाइनजिक भए पनि राष्ट्रिय सभामा भने पुरानै दलको दबदबा



■ पहिलो बैठकमा के-के हुन्छ ?

ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीको अध्यक्षतामा बस्ने पहिलो बैठकको सुरुवातमा राष्ट्रपति कार्यालयको पत्र पढेर सुनाइन्छ। ज्येष्ठ सदस्यले आफ्नो शुभकामना मन्तव्य दिने अभ्यास पनि छ। बैठकमा सरकारले आफूले ल्याएका अध्यादेशहरू पेस गर्न सक्छ। यसैगरी दलीय प्रतिनिधित्वको आधारमा शुभकामना मन्तव्य दिने अभ्यास छ। सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने अध्यक्षमण्डलको चयन दलीय आधारमा पहिलो बैठकले गर्छ। प्रतिनिधिसभा नियमावली नयाँ बनाउन मस्यौदा समिति गठन गर्ने तथा आवश्यक अन्य समितिहरू पनि पहिलो बैठकले गठन गर्न सक्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को अधिवेशन आह्वान गरेका छन्। मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले गरेको सिफारिसका आधारमा राष्ट्रपति पौडेलले संविधानको धारा ९३(१) बमोजिम १९ चैत बिहीबार २ बजे संघीय संसद् भवन सिंहदरबारमा बस्ने गरी दुवै सदनको अधिवेशन आह्वान गरेका हुन्।

संसद्को बर्खे अधिवेशन जेन-जी आन्दोलनपछि २७ भदौमा प्रतिनिधिसभा विघटन भई चुनाव घोषणा भएसँगै अन्त्य भएको थियो। सरकारले ढिलो गरी हिउँदे अधिवेशन आह्वान गरेको हो। २१ फागुनको निर्वाचनपछिको पहिलो संसद् बैठक बस्दै छ।

अधिवेशन आह्वान भएसँगै संसद् सचिवालयले १९ गते २ बजे बैठकमा उपस्थित हुन सांसदहरूलाई अनुरोध गर्दै सूचना जारी गरेको

» पृष्ठ २ मा क्रमशः


मधेशमा ५२ करोडका ल्याब अलपत्र

१३६ प्रयोगशालामा आधुनिक उपकरण छन्, सेवा छैन

मधेशका १३६ वटै स्थानीय तहमा ५२ करोड ४२ लाखका उपकरणसहित सञ्चालन गरिएका सुविधासम्पन्न जनस्वास्थ्य प्रयोगशाला जनशक्ति, केमिकल र व्यवस्थापन अभावले प्रयोगविहीन, सरकारी अधिकारीहरूको ध्यान उपकरण खरिदमा मात्र केन्द्रित हुँदा प्रयोगशालाको बिजोक



सिराहाको गोलबजार जनस्वास्थ्य प्रयोगशालामा प्रयोगविहीन मेसिनहरू



सिराहाकै बरियारपट्टी गाउँपालिका- ३ मा स्थापना गरिएको ल्याबमा मेसिनहरू प्रयोगमा नआएपछि छोपेर राखिएको छ

सिराहामा **सुरेन्द्रकुमार कामती**

मधेश प्रदेशमा गाउँगाउँमा स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यले सुरु गरिएको ५२ करोड रुपैयाँको जनस्वास्थ्य प्रयोगशाला परियोजना अहिले व्यवस्थापकीय कमजोरी, समन्वय अभाव र नीतिगत अन्योलको सिकार बनेको छ। सुरुमा उपकरण, जनशक्ति र संरचना उपलब्ध गराइएका प्रयोगशालामध्ये अहिले अधिकांश सञ्चालनमा छैनन्। कतै भवन छैन, कतै केमिकल अभाव छ त कतै कर्मचारी छैनन्। परिणामस्वरूप नागरिकले पाउनुपर्ने आधारभूत स्वास्थ्य परीक्षण सेवा पाएका छैनन्।

■ तलब नपाएको भन्दै प्रयोगशालाका कर्मचारी आन्दोलनमा

मधेश प्रदेशका १३६ वटै स्थानीय तहमा भन्डै तीन वर्षअगाडि ५२ करोड रुपैयाँमा महँगो उपकरणसहित सञ्चालन गरिएका सुविधासम्पन्न जनस्वास्थ्य

» पृष्ठ २ मा क्रमशः

■ कुन जिल्लामा कति छन् प्रयोगशाला ?

मधेश प्रदेश सरकारले गाउँगाउँमा स्वास्थ्य परीक्षण सेवा विस्तार गर्ने उद्देश्यले १३६ वटै स्थानीय तहमा अत्याधुनिक प्रयोगशाला स्थापना गर्ने योजना अघि बढाएको थियो। सोअनुसार पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका विभिन्न पालिकामा प्रयोगशाला स्थापना गरियो। पर्साका १४, बाराका १६, रौतहटका १८ र सर्लाहीका २०, महोत्तरीका १५, धनुषाका १८, सिराहाका १७ र सप्तरीका १८ वटा स्थानीय तहमा प्रयोगशाला स्थापना गरिएको थियो। दुई चरणमा चारवटा टेन्डर प्रक्रियामार्फत कुल ५२ करोड ४२ लाख ४५ हजार ३६० रुपैयाँबराबरका उपकरण र फर्निचर खरिद गरी प्रत्येक पालिकालाई करिब ४० लाख रुपैयाँका सामग्री हस्तान्तरण गरिएको थियो। भौतिक पूर्वाधार र सञ्चालन व्यवस्थापनतर्फ पर्याप्त ध्यान नदिइँदा अधिकांश प्रयोगशाला सञ्चालनमा आउन सकेनन्। सरकारी निकायको प्राथमिकता उपकरण खरिदमै सीमित हुँदा करोडौँको लगानी प्रयोगविहीन अवस्थामा पुगेको छ।

■ महालेखाले उठाएको छ 'नियत'मै प्रश्न

प्रयोगशालामा करोडौँका सामग्री प्रयोगविहीन भएकोबारे महालेखा परीक्षकको कार्यालयको ६०औँ वार्षिक प्रतिवेदनले प्रश्न उठाएको छ। प्रदेशले पहिलोपटक ६४ र दोस्रोपटक ७२ पालिकाका लागि ५२ करोड ४२ लाख ४५ हजार ३६० रुपैयाँको जनस्वास्थ्य प्रयोगशालाका उपकरण पठाएको थियो। महालेखाको प्रतिवेदनमा प्रयोगशालाका लागि यसरी खरिद गरिएको भनिएका सामग्री पालिकामा नपुगेको औंल्याइएको छ।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका निमित्त निर्देशक डा. राजीवकुमार झा भन्छन्-



प्रयोगशालाका लागि आवश्यक उपकरणसँगै जनशक्ति उपलब्ध गराएको भए पनि केही पालिकामा सेवा बन्द छ। आर्थिक वर्ष ०८१/८२ मा विभिन्न कारणले टेन्डर प्रक्रिया अघि बढ्न नसक्दा केमिकल र रि-एजेन्ट आपूर्ति हुन सकेन। सुरुको चरणमा प्रदेशले जनशक्ति र उपकरण उपलब्ध गराउने तथा भौतिक पूर्वाधार पालिकाले उपलब्ध गराउने सम्झौता भएको थियो। प्रयोगशाला सञ्चालनमा पालिकाहरूले समन्वय नगर्दा समस्या भएको हो।

तर, सिराहा नगरपालिकाका मेयर डा. नवीनकुमार यादव भन्छन्-



नागरिकलाई सेवा-सुविधा विस्तार गर्ने काममा प्रदेशले समन्वय गरेन। रि-एजेन्ट आपूर्ति गर्न पटकपटक आग्रह गर्दा पनि सुनुवाइ भएन। नगरपालिकासँग स्रोतसाधन नभएकाले प्रयोगशाला व्यवस्थित रूपमा सञ्चालन गर्न कठिन भएको छ।

■ बाँदर बारीमा, किसान सडकमा



खोटाङमा **केदार लाफा**

बाँदरले बाली सखाप पारेपछि समस्या हल गर्न माग गर्दै खोटाङका किसानले कृषि औजारसहित दिक्तेल बजारमा गरेको प्रदर्शन। सरकारको ध्यानाकर्षण गराउन हलो, जुवा, दाँते र कोदालोसहित भेला भएका किसानले बाँदर नियन्त्रणको भरपर्दो उपाय मिल्ने अपेक्षा गरेका छन्। दिक्तेल हुलाकडाँडाबाट सुरु भएको किसान च्याली त्रिवेणीचोक-भानुचोक हुँदै जिल्ला प्रशासन कार्यालयसम्म पुगेको थियो। सिडिओ रेखा कँडेललाई ज्ञापनपत्र बुझाउँदै उनीहरूले बाँदर नियन्त्रणका लागि तारजाली लगाएर निश्चित क्षेत्रमा थुन्ने वा परिवार नियोजनको व्यवस्था गर्न सकिने विकल्प सुझाएका थिए।

६३ उपसचिवलाई नगरपालिकामा खटाइयो

स्थानीय तहमा प्रमुख प्रशासकीय रिक्त नराख्ने सामान्य प्रशासन मन्त्रालयको तयारी

नयाँ पत्रिका

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ६३ जना उपसचिवलाई नगरपालिकामा खटाएको छ। ती उपसचिवलाई प्रमुख प्रशासकीय अधिकृत तोकेर खटाइएको मन्त्रालयले जनाएको छ। प्रमुख प्रशासकीय रिक्त रहेका नगरपालिकाहरूमा कर्मचारीहरू पठाइएको हो।

मन्त्रालयकी प्रवक्ता नीता पोखरेल अर्यालले बढुवा भएर आएका उपसचिवहरूको पोस्टिङ गरिएको बताइन्। कर्मचारी जान नमान्दा स्थानीय तहहरूमा काम नै प्रभावित भइरहेको बखत मन्त्रालयले ठुलो संख्यामा नगरपालिकामा उपसचिव पठाएको हो।

स्थानीय तहहरूमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा कामै प्रभावित हुने लामो समयदेखिको समस्या हल गर्न मन्त्रालयले त्यसको तयारी अघि बढाएको छ। यसका लागि कार्यसम्पादन, अवसर, सुगममा बसेको अवधि र मानवीय स्थिति हेरेर कर्मचारीहरूलाई स्थानीय तहमा पठाउने तयारी मन्त्रालयले गरिरहेको छ।

त्यस्तै, गाउँपालिकाहरूमा पनि प्रमुख प्रशासकीय अधिकृत पठाउने तयारी गरिरहेको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार अहिले करिब ७८ गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त छन्। ती सबैमा कर्मचारी पठाउने तयारी मन्त्रालयको छ।

'प्रमुख प्रशासकीय अधिकृत नहुँदा स्थानीय तहहरूमा सेवा प्रवाहदेखि विकास निर्माणसम्ममा ठुलो असर परिरहेको छ,' मन्त्रालय स्रोतले भन्यो, 'अब पालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त नराख्ने गरी काम गरिरहेका छौं।'

यस्तै, अर्थ मन्त्रालयले ३० उपसचिवको सरुवा तथा पदस्थापन गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १५ चैतमा गरेको मन्त्रीस्तरीय निर्णयका आधारमा पहिलोपटक मेरिटअनुसार सरुवा तथा पदस्थापन गरिएको उनको सचिवालयले जनाएको छ।

कांग्रेस इतर पक्षले बोलायो १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति



- इतर पक्षको कार्यक्रममा ११ सांसद, खड्का र कोइरालाको सम्बोधन
- संस्थापन अनुशासनको कारबाही गर्ने तयारीमा, बुधबार अनुशासन समितिको बैठक बस्दै

(विस्तृत पृष्ठ ३)

एकीकृत ग्रामीण विकास मन्त्रालयको खाँचो



अग्रलेख

- हरि रोका

कमजोर भूमि व्यवस्थापन तथा पूर्वाधारका कारण हाम्रो समग्र कृषि क्षेत्र प्रणालीगत असफलतातर्फ लम्किरहेको छ

(पृष्ठ ४)

भारतले नेपाललाई विद्युत् दिने समय घटायो, परिमाण बढायो



३ वैशाखबाट दैनिक १६ घण्टा मात्रै विद्युत् आयात हुने, ९५० मेगावाटसम्म खरिद गर्न सकिने

एक अर्ब १० करोडमा नागढुंगा सुरुङमार्ग सञ्चालनको ठेक्का चिनियाँ कम्पनीलाई

वैशाख अन्तिममा परीक्षण, साउन पहिलो सातादेखि व्यावसायिक सञ्चालन

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

विपन्न बिरामीका लागि सरकारी र निजी अस्पतालमा १०% शय्याको व्यवस्था

दैनिक १४ हजार विपन्नले पाउनेछन् निःशुल्क उपचार

विपन्न, असहाय र बेवारिसे बिरामीले निःशुल्क उपचार पाउनका लागि सम्बन्धित पालिका र स्वास्थ्य संस्थाको सिफारिस लैजानुपर्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाको मेयर हुँदा अस्पतालहरूले कुल शय्याको १० प्रतिशत विपन्न बिरामीको निःशुल्क उपचारमा छुट्याउनुपर्ने नियम कडाइका साथ कार्यान्वयन गरेका बालेन्द्र शाह (बालेन)ले प्रधानमन्त्री बनेपछि देशव्यापी रूपमा लागू गर्ने कदम चालेका छन्। सरकारको सय दिनका लागि सय कार्ययोजना भन्दै शनिबार सार्वजनिक गरिएको सूचीमा यो विषय समेटिएको हो।

सरकारले ०७७ मै ऐनमार्फत देशका कुनै पनि अस्पतालमा १० प्रतिशत शय्या विपन्न, असहाय र बेवारिसे बिरामीको निःशुल्क उपचारका लागि छुट्याउनुपर्ने नियम ल्याएको

» पृष्ठ २ मा क्रमशः

औषधिसहित सम्पूर्ण उपचार निःशुल्क हुन्छ, अस्पतालहरूले गर्नुपर्छ

- **स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकी भन्छन्-**



सरकारी अस्पतालमा ऐन कार्यान्वयनमा खासै समस्या छैन। तर, अधिकांश निजी अस्पतालले निःशुल्क शय्या छुट्याएकै छैनन् भने कतिपयले आफन्तको नाम लेखेर बेड खाली नभएको देखाउने गरेका छन्। अब रियल टाइम डेटा र सफ्टवेयरका आधारमा ऐन कार्यान्वयन गर्नुपर्छ। सरकारी होस् कि निजी, कुनै पनि अस्पतालले १० प्रतिशत शय्यामा निःशुल्क उपचार गराउने बिरामीलाई आवश्यक औषधि पनि उपलब्ध गराउनुपर्छ। बिरामी पक्षलाई किन्न लगाउन मिल्दैन। अस्पतालको फार्मेसीमा छैन भने बाहिरबाट किनेर भए पनि अस्पतालले नै ल्याइदिनुपर्छ।



स्वास्थ्य बिमा कार्यक्रमको छुट्टै योजना ल्याइने

सरकारले ल्याएको सय कार्यसूचीमा स्वास्थ्य बिमा कार्यक्रम छैन। तर, अब बिमाको आकार र आबद्धता बढाउने गरी सरकारले थप गृहकार्य गरेर मात्र नयाँ प्याकेज ल्याउने प्रधानमन्त्री कार्यालय स्रोतले बतायो। हाल स्वास्थ्य बिमामा वार्षिक ३० अर्बहाराहारी खर्च हुने गरेको छ। तर, लाभग्राहीले स्वास्थ्य बिमा सहज रूपमा लिन नसकेको गुनासो गर्दै आएका छन् भने बिमा कार्यक्रम पनि धराशायी बनेको छ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले पनि बिमा कार्यक्रम सय दिनमा व्यवस्थित गर्न नसकिने देखेर नराखेको हुन सक्ने बताए। 'स्वास्थ्य बिमालाई व्यवस्थित गर्न आवश्यक छ, तर तीन महिनाभित्र बिमामा केही गर्न सकिन्न भनेर अहिले नसमेटिएको होला,' उनले भने, 'यसमा ठुलो रकम खर्च भइरहेकाले सरकारले त्यहीअनुसार गृहकार्य गरेर केही योजना ल्याउला।'

मधेशमा ५२...

पृष्ठ १ बाट क्रमशः

प्रयोगशाला जनशक्ति, केमिकल र व्यवस्थापन अभावले प्रयोगविहीन बनेका हुन् । सरकारी अधिकारीहरूको ध्यान उपकरण खरिदमा मात्र केन्द्रित हुँदा प्रयोगशाला बिजोग अवस्थामा पुगेका हुन् । सञ्चालन नभएको विषयमा प्रदेश सरकार र स्थानीय तहबिच आरोप-प्रत्यारोप चलेको छ ।

सिराहाको मिर्चैया नगरपालिका-६ मा २७ पुस २०७५ मा सुविधासम्पन्न भवनसहित प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको थियो । तीन वर्षपछि, २०७८ मा यसलाई नगर अस्पतालमा स्तरोन्नति गरिएको घोषणा गरियो । त्यसको दुई वर्षपछि, २०८० वैशाखमा मिर्चैया जनस्वास्थ्य प्रयोगशाला स्थापना गरियो, जसका लागि मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाले प्रदेश सरकार र स्थानीय तहबिचको सहकार्यअन्तर्गत आवश्यक स्वास्थ्य सामग्री र जनशक्ति उपलब्ध गराएको थियो ।

प्रयोगशालाका लागि प्रयोगशालाका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले हेमाटोलोजी एनालाइजर-बिसी ५१५०, बायो-केमेस्ट्री एनालाइजर-बिएस २३०, डल्फिन सफ्टवेयर, माइक्रोस्कोप, सेन्ट्रिफ्युज मेसिन, एसी थान १, अर्थिङ प्रोटेक्सन, टेबल, दराज, प्रिन्टिर, कम्प्युटर सेट, फ्रिज, डिजिटल क्लोरी मिटर, युपिएस ३ केभिए, माइक्रो पिपेट, रिभोल्भिङ चेयरलगायत अत्याधुनिक उपकरण उपलब्ध गराइएका थिए ।

तर, यति सुविधासम्पन्न प्रयोगशाला सञ्चालनमा आएको तीन महिनामै बन्द भयो । रगतको पूर्ण रक्त गणना (सिबिसी) लगायत परीक्षण गरिने हेमाटोलोजी एनालाइजर-बिसी ५१५० थन्किएको छ । सुगर, कलेजो, मिर्गौलाका साथै लिपिट प्रोफाइल परीक्षण गर्ने बायो-केमेस्ट्री एनालाइजर-बिएस २३० काठको बाकसमा राखिएको छ । ल्याब इन्चार्ज उमेश महतोका अनुसार रिपोर्टिङमा समस्या देखिएपछि उपकरण प्रयोगमा ल्याउन नसकिएको हो ।

यता, मिर्चैया अस्पतालले छुट्टै प्रयोगशाला सञ्चालन गर्दै आएको छ, जहाँ शुल्क दर प्रदेश प्रयोगशालाभन्दा दोब्बर छ । उदाहरणका लागि प्रदेश प्रयोगशालामा सिबिसी परीक्षण १७५ रुपैयाँमा हुने गरेको थियो भने अस्पतालले ३५० रुपैयाँ लिन्छ । त्यस्तै, सुगर परीक्षणमा प्रदेशले २५ रुपैयाँ लिँदा अस्पतालले ५० रुपैयाँ लिने गरेको छ । शुल्कमा पनि एकरूपता नहुँदा प्रदेशस्तरको प्रयोगशाला सञ्चालनमा निरन्तरता दिन नसकिएको महतोको भनाइ छ ।

प्रयोगशाला बन्द भए पनि करारमा नियुक्त ल्याब टेक्निसियन रञ्जना सिंह र कार्यालय सहयोगी शंकरप्रसाद यादवलाई प्रदेश सरकारले तलब दिँदै आएको छ । उपकरण बिग्रिएको विषयमा पटक-पटक जानकारी गराउँदा पनि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले बेवास्ता गरेको महतोको गुनासो छ ।

मधेश प्रदेश सरकारले गाउँ-गाउँमा स्वास्थ्य परीक्षण सेवा विस्तार गर्ने उद्देश्यले १३६ स्थानीय तहमा अत्याधुनिक प्रयोगशाला स्थापना गर्ने योजना अघि बढाएको थियो । सोअनुसार पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका विभिन्न पालिकामा प्रयोगशाला स्थापना गरियो । पर्साका १४, बाराका १६, रौतहटका १८ र सर्लाहीका २०, महोत्तरीका १५, धनुषाका १८, सिराहाका १७ र सप्तरीका १८ वटा स्थानीय तहमा प्रयोगशाला स्थापना गरिएको थियो ।

दुई चरणमा चारवटा टेन्डर प्रक्रियामार्फत कुल ५२ करोड ४२ लाख ४५ हजार ३६० रुपैयाँबराबरका उपकरण र फर्निचर खरिद गरी प्रत्येक पालिकालाई करिब ४० लाख रुपैयाँका सामग्री हस्तान्तरण गरिएको थियो । भौतिक पूर्वाधार र सञ्चालन व्यवस्थापनतर्फ पर्याप्त ध्यान नदिइँदा अधिकांश प्रयोगशाला सञ्चालनमा आउन सकेनन् । सरकारी निकायको प्राथमिकता उपकरण खरिदमै सीमित हुँदा करोडौँको लगानी प्रयोगविहीन अवस्थामा पुगेको छ ।

धनुषाको कमला नगरपालिका-३ का लागि मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाले मिर्चैया जनस्वास्थ्य प्रयोगशालाका लागिजस्तै स्वास्थ्य उपकरण र जनशक्ति व्यवस्था गरेको थियो । ०८० वैशाखमा उपलब्ध गराइएका स्वास्थ्य उपकरण तीन वर्षदेखि पालिका छेउको बन्द कोठामा राखिएको छ । पालिका प्रमुख विशेश्वर यादव र वडाध्यक्षहरूबिच प्रयोगशाला कुन ठाउँमा राख्ने भन्ने विषयमा विवाद उपकरण अलपत्र भएका हुन् ।

सिराहाको कल्याणपुर नगरपालिका-११, ग्रामीण बजारमा ०८० जेठमा कल्याणपुर स्वास्थ्य चौकीमा जनस्वास्थ्य प्रयोगशाला स्थापना गरियो । प्रयोगशाला सञ्चालनका लागि खटाइएका ल्याब टेक्निसियन अमित पाल र कार्यालय सहयोगी गणेश ठाकुर समयमा तलब नपाएपछि आउन छाडेको कल्याणपुर स्वास्थ्य चौकी इन्चार्ज ओमशंकर साहले बताए ।

पाल र ठाकुर आउन छाडेपछि प्रदेशले २०८१ वैशाखमा ल्याब टेक्निसियन महेश यादव र कार्यालय सहयोगी अजय यादवलाई करारमा नियुक्त गरेको थियो । करार सम्झौता नवीकरण नगरेपछि २०८२ असारदेखि उनीहरू काममा आएका छैनन् । इन्चार्ज साहको भनाइमा कल्याणपुरका स्वास्थ्यकर्मीले अत्याधुनिक मेसिन चलाउन नसकेपछि सबै उपकरण कोठामा थन्क्याइएको छ । यसबारे कल्याणपुर नगरपालिकाले चासो देखाएको छैन भने प्रदेश जनस्वास्थ्य प्रयोगशाला मौन छ ।

सप्तरीको राजगढ गाउँपालिका-४, बेल्ही चपेनामा २१ माघ ०८१ मा जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिएको थियो । प्रदेशले दिएको हेमाटोलोजी एनालाइजर-बिसी ५१५०, बायोकेमेस्ट्री एनालाइजर-बिएस २३० मेसिन करिब एक वर्ष पालिकामै थन्किएको थियो ।

२०८१ माघदेखि प्रयोगशाला सञ्चालन भए पनि भदौदेखि सिबिसी र बायो केमेस्ट्री मेसिनको सर्भिसिङ हुन नसक्दा बन्द भएको छ । ल्याब टेक्निसियन रामबाबु यादवको भनाइमा ६ महिनादेखि दुवै मेसिन बन्द भएकोबारे प्रदेशलाई पटक-पटक जानकारी गराउँदा पनि बेवास्तामा परेको छ । प्रदेशले रि-एजेन्टहरू नपठाएपछि म्यानुअल रूपमा नै जाँच गर्नुपरेको उनले बताए ।

सिराहाको नवराजपुर गाउँपालिका-४ स्थित प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सिबिसी जाँच गर्न रि-एजेन्टहरू (केमिकल), बायोकेमेस्ट्री मेसिनमा जाँच हुने लिपिट प्रोफाइल परीक्षणका लागि आवश्यक केमिकल नहुँदा प्रभावित भएको छ । पछिल्लो आठ महिनादेखि प्रदेशले केमिकल उपलब्ध गराएको छैन । ल्याब टेक्निसियन नरेश चौधरीको भनाइमा मेसिनअनुसार नमुना संकलन भएको छैन । चौधरीसहित कार्यालय सहयोगीले २०८२ साउनदेखि तलब पाएका छैनन् ।

सिराहाकै लक्ष्मीपुर पतारी गाउँपालिका-१ स्थित प्रिपाप्रध स्वास्थ्य चौकीमा ६ वैशाख २०८० मा लक्ष्मीपुर पतारी जनस्वास्थ्य प्रयोगशाला स्थापना गरियो । प्रदेशबाट खटाइएका ल्याब टेक्निसियन मो. साहिद राइन प्रयोगशालामा सिबिसी जाँच गर्न र बायोकेमेस्ट्री मेसिनमा जाँच हुने लिपिट प्रोफाइल केमिकल अभाव भए पनि पालिकासँगको समन्वयमा समान्य परीक्षण मात्र गरिएको छ । सुगर, कलेजो, मिर्गौला जाँच्ने हेमाटोलोजीको पाइप मुसोले काटेपछि मेसिन बन्द छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका-३ मा ०८० वैशाखमा सुरु गरिएको जनस्वास्थ्य प्रयोगशाला रि-एजेन्टहरूको अभावका कारण जसोतसो चलिरहेको छ । छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी कार्यक्रम राम्रो भए पनि प्रदेशको कमजोर व्यवस्थापनका कारण समस्या आएको बताउँछन् । गाउँपालिकाको तर्फबाट सक्दो सहयोग गर्दै आएको बताउँछन् ।

सिराहाको सुखीपुर नगरपालिका-८, सुखीपुर स्वास्थ्य चौकीमा २०८० वैशाखमा सुविधासम्पन्न प्रयोगशाला स्थापना गरिएको थियो । प्रयोगशाला छेउमै नगर अस्पताल छ, जहाँ सुखीपुर नगरपालिकाका मेयर रामऔतार यादवका छोरा डा. लुस्युनकुमार यादव विशेषज्ञ चिकित्सक छन् । प्रयोगशालाका लागि आवश्यक केमिकल र किटहरू प्रदेशले उपलब्ध गराएपछि सुरुको वर्ष राम्रोसँग सञ्चालनमा आए पनि पछिल्ला वर्षमा दक्ष जनशक्ति नहुँदा एकजना कर्मचारी खटाएर जसोतसो सञ्चालन गरिरहेको डा. यादवले बताए । ल्याब सञ्चालनका लागि प्रदेशले जनशक्तिको व्यवस्थापन गरी किट र केमिकल उपलब्ध गराउनुपर्ने उनको भनाइ छ ।

प्रदेशले केमिकल उपलब्ध नगराउँदा सिबिसी, एलएफटी, आरएफटी, लिपिट प्रोफाइलको परीक्षण बन्द छ । कार्यालय सहयोगी संजय यादवले ८ महिनादेखि पारिश्रमिक पाएका छैनन् । सुरुमा खटिएका ल्याब टेक्निसियन प्रियंका यादवले ११ महिनामै राजीनामा दिएपछि आएका विवेक मण्डल करार नवीकरण नभएपछि प्रयोगशाला आएका छैनन् ।

सिराहाको औरही गाउँपालिका-५ स्थित औरही स्वास्थ्य केन्द्रको एउटा कोठामा जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिएको थियो । ०८१ साउनदेखि ०८२ माघसम्म करिब तीन हजारजनाको स्वास्थ्य परीक्षणबाट प्रयोगशालाले चार लाख ७७ हजार ७७५ रुपैयाँ आम्दानी गरेको थियो । जति वेला दैनिक ५-७ जनाले परीक्षण गराउने गरेको ल्याब टेक्निसियन मुकेशकुमार यादवले बताए । तर, अहिले किट, रि-एजेन्ट अभावले परीक्षण प्रभावित भएको छ । ल्याब टेक्निसियन मुकेश यादव र कार्यालय सहयोगी राकेशकुमार यादव ०८२ पुसमा सकिएको करार सम्झौता नवीकरण नभएपछि अन्योलमा छन् ।

सिराहाको अर्नमा गाउँपालिका-३ मा ११ जेठ ०८० मा प्राथमिक स्वास्थ्य केन्द्रमा स्थापना गरिएको अर्नमा जनस्वास्थ्य प्रयोगशाला हाल बन्द छ । सिबिसी र बायोकेमेस्ट्रीको लागि रि-एजेन्ट (केमिकल) अभाव हुँदा ०८२ साउनदेखि प्रयोगशाला बन्द भएको अस्पताल प्रमुख डा. संजीवकुमार साहले बताए । प्रदेशले केमिकल नपठाउने र कर्मचारीको तलब निकास नगरेपछि प्रयोगशाला बन्द भएको हो । ल्याब टेक्निसियन सोनीकुमारी साहले तलब नपाएपछि नै छाडेकी हुन् ।

सिराहा नगरपालिका वडा नम्बर १४ को स्वास्थ्य चौकी खिरौनाको भुइँतलामा १० जेठ ०८० मा सिराहा जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिएको थियो । त्यतिखेर सिराहा नगरपालिकाका मेयर डा. नवीनकुमार यादव थिए भने प्रदेश जनस्वास्थ्य कार्यालयका निर्देशक डा. श्रवणकुमार मिश्र । स्थापनादेखि कार्यरत ल्याब टेक्निसियन सचेन्द्र यादवका अनुसार अत्याधुनिक मेसिन भए पनि सेवाग्राही ज्यादै न्यून छन् । २ चैत ०८२ सम्म १ हजार ६८२ वटा नमुना परीक्षणबाट अस्पतालमा एक लाख २३ हजार राजस्व संकलन भएको छ ।

स्थानीयलाई लक्षित गरिएको भनिए तापनि प्रयोगशाला जिल्ला सदरमुकामदेखि चार किलोमिटर दक्षिण सीमावर्ती क्षेत्रमा पर्छ । प्रयोगशाला अपायक ठाउँमा भएका कारण पनि न्यून संख्यामा सेवाग्राही गएका हुन् । यो प्रयोगशालामा एमबिबिएस चिकित्सक पनि छैनन् । प्रयोगशालामा रि-एजेन्ट नहुँदा आठ महिनादेखि बायोकेमेस्ट्री मेसिन बन्द छ । प्रदेशले रि-एजेन्ट नपठाएको र पालिकाले पनि खरिद नगरेपछि मेसिन बन्द भएको हो ।

गोलबजार नगरपालिका-७, पुरानो चोहर्वामा २६ जेठ ०८० मा स्थापना गरिएको गोलबजार जनस्वास्थ्य प्रयोगशाला ०८२ साउनदेखि बन्द छ । चोहर्वा चोकदेखि उत्तरतिरको स्वास्थ्य चौकी भवनमा स्थापना गरिएको जनस्वास्थ्य प्रयोगशाला सुरुमा राम्रैसँग चलेको भए पनि कर्मचारी नहुँदा आठ महिनादेखि बन्द भएको स्वास्थ्यचौकी प्रमुख रिताकुमारी सिंहले बताइन् । 'प्रदेशबाट ल्याब टेक्निसियन नआउँदा मेसिन बन्द गर्नुपर्‍यो । प्रदेशले कहिले कर्मचारी भर्ना गर्ने र कहिले पठाउने भन्ने अन्योल छ,' सिंहले भनिन् । ल्याब टेक्निसियन नहुँदा प्रयोगशालामा ताला लगाइएको छ । मेसिनहरू छोपेर राखिएको छ ।

धनुषाको विदेह नगरपालिका- ६, तीनकोरिया चोकमा स्तरीय प्रयोगशाला स्थापना गरिएको थियो । ४ जेठ ०८० मा प्रयोगशाला स्थापना गरिएको भए तापनि चिकित्सक र केमिकल अभावले सञ्चालनमा समस्या भएको ल्याब टेक्निसियन उनितकुमार यादव बताउँछन् । प्रयोगशालामा ४ पागुन ०८२ सम्म ५२३ जनाले स्वास्थ्य परीक्षण गराउँदा त्यसबाट ४८ हजार ५८० रुपैयाँ राजस्व संकलन भएको छ । प्रदेशबाट प्राप्त रि-एजेन्टहरू डेट एक्स्पायर भएको र हाल नयाँ केमिकल र रि-एजेन्टहरू नहुँदा सेवाग्राही आउन छाडेका छन् ।

सप्तरीको तिरहुत गाउँपालिका-५, लोहजारामा स्थापना गरिएको जनस्वास्थ्य प्रयोगशालाको हेमाटोलोजी एनालाइजर-बिसी ५१५०, बायोकेमेस्ट्री एनालाइजर-बिएस २३० बन्द अवस्थामा छ । बायोकेमेस्ट्री एनालाइजर बिग्रिएको ६ महिनाभन्दा धेरै भयो । करिब एक वर्षदेखि रि-एजेन्टको अभावमा हेमाटोलोजी एनालाइजर पनि बन्द रहेको ल्याब टेक्निसियन श्रीकृष्ण पण्डितले बताए । जसका कारण प्रयोगशाला पूर्ण रूपमा सञ्चालनमा ल्याउन कठिनाइ भएको गाउँपालिकाका स्वास्थ्य संयोजक रमेशकुमार यादवले बताए ।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका निमित्त निर्देशक डा. राजीवकुमार झाका अनुसार प्रयोगशालाका लागि आवश्यक उपकरणसँगै जनशक्ति उपलब्ध गराएको भए पनि २० पालिकामा सेवा बन्द छ । आर्थिक वर्ष ०८१/८२ मा विभिन्न कारणले टेन्डर प्रक्रिया अघि बढ्न नसक्दा केमिकल र रि-एजेन्ट आपूर्ति हुन नसकेको डा. झाको भनाइ छ । उनका अनुसार सुरुको चरणमा प्रदेशले जनशक्ति र उपकरण उपलब्ध गराउने तथा भौतिक पूर्वाधार पालिकाले उपलब्ध गराउने सम्झौता भएको थियो । कतिसम्म भने सम्झौतामा प्रदेशले सहयोग निरन्तरता दिन नसकेको खण्डमा पालिका आफैँले व्यवस्थापन गर्ने उल्लेख थियो । प्रयोगशाला सञ्चालनमा पालिकाहरूले समन्वय नगर्दा समस्या भएको झाले बताए ।

तर, सिराहा नगरपालिकाका मेयर डा. नवीनकुमार यादव नागरिकलाई सेवा-सुविधा विस्तार गर्ने काममा प्रदेशले समन्वय गर्नुपर्नेमा जोड दिन्छन् । रि-एजेन्ट आपूर्ति गर्न पटकपटक आग्रह गर्दा पनि सुनुवाइ नभएको सिराहाको औरही गाउँपालिका अध्यक्ष शिवजी यादव गुनासो गर्छन् । गाउँपालिकासँग स्रोतसाधन नभएकाले प्रयोगशाला व्यवस्थित रूपमा सञ्चालन गर्न नसकिएको स्विकार्छन् ।

तलबभत्ताका लागि आन्दोलन

सिराहाको लक्ष्मीपुर पतारी गाउँपालिका-१ स्थित प्रिपाप्रध स्वास्थ्य चौकी प्रयोगशालाका लागि प्रदेशबाट खटाइएका ल्याब टेक्निसियन मो. साहिद राइन ०८२ असोजपछि पारिश्रमिक पाएका छैनन् । उनी मात्र होइन, कार्यालय सहयोगी लक्ष्मीकुमारी पासवानले पनि पाएकी छैनन् । ६ महिनासम्म तलब नआउँदा घरपरिवार कसरी चलाउने भन्ने उनको प्रश्न छ । प्रयोगशालामा ल्याब टेक्निसियन (पाँचौँ तह) एकजना र कार्यालय सहयोगी (श्रेणीविहीन) एकजना गरी दुईजना कर्मचारी छन् । करार सम्झौताअनुसार ल्याब टेक्निसियनलाई मासिक ३४ हजार ७३० र कार्यालय सहयोगीलाई २४ हजार ५५४ रुपैयाँ भुक्तानी दिनुपर्छ । प्रयोगशाला सञ्चालन हुन नसक्दा कर्मचारीले तलबभत्ता त पाएका छैनन् नै साथै विद्युत् महसुल, इन्टरनेट र फोहोर व्यवस्थापन खर्चसमेत धान्न मुस्किल भएको छ ।

स्रोतको सुनिश्चितता नभएको भन्दै १३६ पालिकाका ल्याब टेक्निसियन र कार्यालय सहयोगीको करार सम्झौता नवीकरण रोकिएको छ । चालू आवको ६ महिनाका लागि मात्र म्याद थप गरिएपछि माघदेखि करार सम्झौता ठप्प छ । पछिल्लो समय पालिकालाई 'कुनै कारणवश तालुक कार्यालयबाट स्रोत सुनिश्चित भई नआएमा कार्यालय म्याद थप गर्न तथा म्याद थप नभईकन काम गरेबापतको भुक्तानी दिन बाध्य हुनेछैन,' भन्ने व्यहोराको पत्र पठाइएको छ ।

पत्राचारपछि ल्याब टेक्निसियन र कार्यालय सहयोगीहरूले माघ १० गते जनकपुरधामस्थित प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पुगेर मन्त्री जंगीलाल राय र सचिव डा. प्रमोदकुमार यादवलाई ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्रमा करार म्याद थप गर्न, तलबभत्ताको सुविधा, भविष्यमा यस्तो समस्या दोहोरिन नदिन दीर्घकालीन नीति तथा स्थायी व्यवस्थापनलगायत उल्लेख छन् । तर, ज्ञापनपत्र बुझाए पनि ठोस पहल हुन नसकेको ल्याब टेक्निसियन मो. राइनको गुनासो छ ।

प्रदेश जनस्वास्थ्य कार्यालयका निमित्त निर्देशक डा. राजीवकुमार झा ल्याब टेक्निसियन र कार्यालय सहयोगीको पदावधि थप सम्बन्धमा स्वास्थ्य मन्त्रालयले नीतिगत निर्णयसहित स्रोतको सुनिश्चितता गर्नुपर्ने बताउँछन् ।

सरकारी अस्पतालमा कार्यरत एकजना प्याथोलोजिस्ट चिकित्सक (कम्तीमा एमबिबिएस) विना पालिकाहरूमा ल्याब सञ्चालन गर्नुलाई नै शंकाका रूपमा हेर्छन् । उनको भनाइमा ४० लाखभन्दा बढीको उपकरणसहित यति धेरै प्रयोगशाला सञ्चालन गर्नुको सट्टा केही ठाउँमा व्यवस्थित नमुना परियोजना सञ्चालन गरिएको भए बढी प्रभावकारी हुने थियो ।

(खोज पत्रकारिता केन्द्रको सहयोगमा तयार गरिएको छ ।)

बिहीबारदेखि...

पृष्ठ १ बाट क्रमशः

छ । आउँदो बिहीबार २ बजे प्रतिनिधिसभा र राष्ट्रिय सभाको छुट्टाछुट्टै बैठक बस्नेछ । प्रतिनिधिसभाको बैठक नयाँ भवनस्थित बहुउद्देश्यीय हलमा बस्नेछ भने राष्ट्रिय सभाको संसद् सचिवालय परिसरमा रहेको कृषि समितिमा बनाइएको नयाँ हलमा बस्नेछ ।

दैनिक १४ हजार...

पृष्ठ १ बाट क्रमशः

थियो । स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को परिच्छेद २४ को दफा ७० (घ) मा उपचार गर्न अस्पताल आउनेमध्ये विपन्न, असहाय र बेवारिसे बिरामीका लागि कुल शय्याको १० प्रतिशत अनिवार्य छुट्ट्याउनुपर्ने व्यवस्था छ । तर, अधिकांश निजी अस्पतालले कानुनको बर्खिलाप गर्दै आएका छन् । निजी अस्पतालले उक्त सुविधा नदिएपछि निःशुल्क उपचार गर्नुपर्ने बिरामीको चाप र भार सरकारी अस्पतालमा मात्रै पर्ने गरेको छ ।

ऐन पूर्ण कार्यान्वयनमा आए निजी अस्पतालमा मात्रै दैनिक आठ हजारजति विपन्न बिरामीले निःशुल्क उपचार पाउने स्वास्थ्य मन्त्रालयको आकलन छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार सरकारीमा दैनिक ६ हजार बिरामीले निःशुल्क सेवा पाउने गरेकामा निजीलाई पनि ऐनको दायरामा ल्याउँदा दिनमै १४ हजारहाराहारी बिरामीले निःशुल्क उपचार पाउने अवस्था हुनेछ । तर, यो तथ्यांकमा ठ्याक्कै यकिन गर्न मन्त्रालयले पुनः अध्ययन गर्ने मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले बताए । विगतमा ऐन कार्यान्वयनका लागि निजी अस्पताललाई पटक-पटक पत्राचार गरे पनि अटेर गर्दै आएको बुढाथोकीको भनाइ छ ।

निःशुल्क उपचार गर्नुपर्ने बिरामीबाट अस्पतालले कुनै पनि बहानामा शुल्क लिन पाउँदैनन् । कोटाभित्र उपचार गराउन आउने बिरामीलाई जतिसुकै जटिल रोग भए पनि निःशुल्क सेवा दिनुपर्छ । ऐन कार्यान्वयन गर्ने जिम्मा स्वास्थ्य मन्त्रालयको हो । अब पारदर्शिताका लागि मन्त्रालयले सफ्टवेयर नै राखेर कार्यान्वयन गर्ने तयारी गरेको छ । प्रवक्ता बुढाथोकीका अनुसार यसअघि मोहन बस्नेत र प्रदीप पौडेल स्वास्थ्यमन्त्री हुँदा ऐनअनुसार कार्यान्वयन गर्न निजी अस्पतालहरूलाई पत्राचार गरिएको थियो । तर, अधिकांशले मन्त्रालयकै आदेश टेरेनन् ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति २०८२/१२/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालय ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्वन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैँले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुन: अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०८२/१२/२३ गते, सोमबार

बोलपत्र खोलिने मिति/समय: २०८२/१२/२५ गते दिनको ३ बजे बुधबार/स्थान उल्लेखित शाखा कार्यालय

क्र.सं	विवरण
	शाखा कार्यालय बालाजु, काठमाडौ
	ऋणीको नाम, ठेगाना
१	**नाम : होटल ईस्टर** प्रदेश सरकार, ३ नं. प्रदेश, टोखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा नं. ९, मैजुहिटि प्रमाण पत्र नं. १६६, दर्ता मिति : २०७५/०६/०२, पान नं. ६०९२५१२३४, दर्ता मिति : २०७५/११/०६ ठेगाना : काठमाडौ जिल्ला, टोखा न. पा. वडा नं. ९, **प्रोप्राईटर : श्याम बहादुर तामाङ**
	जमानतकर्ताहरुको विवरण
	१. **नाम : श्याम बहादुर तामाङ** ना. प्र. नं. १९६/१५१७४, जि. प्र. का. धादिङ जारी मिति : २०५३/४/६ बाबुको नाम : मलर तामाङ बाजेको नाम : गडुप तामाङ ठेगाना : धादिङ जिल्ला, दार्खा गा.वि.स. वडा नं. २ हाल : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९
	२. **नाम : शोभा तामाङ** ना.प्र. नं. १/६७५५, जि. प्र. का. धादिङ जारी मिति : २०६१/१/२५ पतिको नाम : श्याम बहादुर तामाङ ससुराको नाम : मलर तामाङ ठेगाना : धादिङ जिल्ला, दार्खा गा.वि.स. वडा नं. २ हाल : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९
	३. **नाम : रुबेन तामाङ** ना.प्र.नं. २६-०१-७२-०४३०५, जि.प्र.का. धादिड, जारी मिति : २०७२/०५/०३ बाबुको नाम : श्याम बहादुर तामाङ, बाजेको नाम : मलर तामाङ ठेगाना : धादिङ जिल्ला, दार्खा गा.वि.स. वडा नं. २, हाल : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९
	धितोको विवरण
	१. श्याम बहादुर तामाङको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा.वि.स. वडा नं. २, नक्सा सिट नं २ङ स्थित कित्ता नं. ११२१ को क्षेत्रफल ५०८.७४ व.मि. भएको जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । २. शोभा तामाङको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा. वि.स. वडा नं. २ नक्सा सिट नं २ङ स्थित कित्ता नं. ११२० को क्षेत्रफल १५८.९५ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण सम्पूर्ण लिगलगापात समेत । ३. रुबेन तामाङको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा.वि.स.वडा नं. २/नक्सा सिट नं २ङ स्थित कित्ता नं. १११९ को क्षेत्रफल १५८.९५ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२.	**शाखा कार्यालय पथरी**
	ऋणीको नाम, ठेगाना
	नाम : शुभमश्री कृषि फर्म प्रा.लि. नेपाल सरकार,उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं दर्ता नं : २७७१९२/०७८/०७९ , दर्ता मिति : २०७८/०८/०१ पान. नं. ६१०१४८८५९, दर्ता मिति : २०७८/०८/०१ ठेगाना : बराहक्षेत्र न.पा वडा न .८, सुनसरी संचालक :भरत विष्ट
	जमानतकर्ताहरुको विवरण
	१. **नाम : सइन्द्र राई** ना.प्र.प.नं. : ०६३०४२/११४४, जि.प्र.का सुनसरी जारी मिति : २०६३/१०/१७ बाबुको नाम: प्रेम प्रसाद राई बाजेको नाम : जयबल सिंह राई ठेगाना : महेन्द्रनगर गा. वि.स. वडा न .९, सुनसरी हाल : बराहक्षेत्र न.पा वडा न .८, सुनसरी
	२. **नाम : मन्जु निरौला (विष्ट)** ना.प्र.प.नं. : ०६-०१-७४-०९६५१, जि.प्र.का सुनसरी जारी मिति : २०७४/०७/१४, पतिको नाम: भरत विष्ट ससुराको नाम : टेक बाहादुर विष्ट ठेगाना : बराहक्षेत्र न.पा वडा न .८, सुनसरी
	३. **नाम : भरत विष्ट** ना.प्र.प.नं. ७५१९८/७६१९८, जि.प्र.का सुनसरी जारी मिति : २०५९/१०/२१ बाबुको नाम: टेक बहादुर विष्ट बाजेको नाम : रण बहादुर विष्ट ठेगाना : महेन्द्रनगर गा. वि.स. वडा न .९, सुनसरी हाल : बराहक्षेत्र न.पा वडा न .८, सुनसरी
	धितोको विवरण
	शुभम कृषि फार्म प्रा.लि.को नाममा मालपोत कार्यालय इनरुवा,सुनसरी दर्ता कायम रहेको सुनसरी जिल्ला महेन्द्रनगर वडा नं. ३/च स्थित कित्ता नं.४१७ र ४१९ को क्षेत्रफल क्रमश: ०-५-५-० , ०-४-१५-०बि.क.धु भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: बालाजु, काठमाडौं, फोन नं.०१-४९८८८५६
शाखा कार्यालय: पथरी फोन नं.०२१-५५५४८३, ५५५४८२
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

एकडारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

एकडारा, महोत्तरी
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना

प्रकाशित मिति : २०८२/१२/१७

यस गाउँपालिकाको कार्यालयबाट तपसिलका निर्माण कार्यका लागि दोस्रो पटक मिति २०८२/०९/२३ गतेको प्रकाशित बोलपत्र सूचना बमोजिम रितपूर्वक ई-विड PPMO मार्फत प्राप्त भएका नौ थान बोलपत्रहरू मध्ये तपसिलको सफल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनौट भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ र नियमावलीको ५४(क) को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र. सं.	ठेक्का नं.	कार्यको नाम	न्यूनतम मूल्यांकित बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु (पि.एस. र मु.अ. कर बाहेक)
1	ERM/RM/SCHOOL/NCB1/082-83	Construction of 2 storey school building in Ekdara-1 of Ekdara Rural Municipality	Drup Construction and Suppliers Pvt. Ltd. Kritipur-2, Nepal	94,53,480.00

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

(प्रकाशित मिति : २०८२/१२/१७)

यस कार्यालयको मिति २०८२/०९/१५ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही छनोट भएको हुँदा सार्वजनिक खरिद नियमावली,२०६४ नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निम्न सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८२/१२/२४ गते बिहान ११ बजे यस कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं	ठेक्का नं. कामको विवरण	बोलपत्रदाताको नाम
1.	NEE-NCB/16/082/83 Bhulbhule to Ward 1 and Ward 5 Office Connecting Road Upgrading Works	GANAPATI-MCC-NNS JV
		Dhading Nilkhantha Nirman Sewa And Suppliers Pvt. Ltd
		Kishan-Shubha Bihani J.V.
		Krischal Construction Pvt. Ltd
		NSN/LEAD/DhadingJ.V.
		PURNA BINAYAK / MAHAVIR -JV
		Slate Fullmoon Joint Venture
		SS/UN J/V
		Umang-Thapakaji jv

प्रमुख प्रशासकीय अधिकृत

देउवा–कोइराला पक्षले बोलायो १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति बैठक

कांग्रेस संस्थापन अनुशासनको कारबाही गर्ने तयारीमा, भोलि अनुशासन समितिको बैठक बस्दै

■ कांग्रेस महामन्त्री **गुरुराज घिमिरे** भन्छन्-



निर्वाचन आयोगले निर्णय गरेर विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई मान्यता दिइसकेपछि र नयाँ नेतृत्वको हस्ताक्षरमा चुनावमा सहभागी भएको विषय सबैले स्वीकार गर्नुपर्छ। योबाहेक अरू विकल्प छैन। समानान्तर गतिविधि अनुचित र अर्थहीन छ।

■ इतर पक्षका नेता **रामहरि खतिवडा** भन्छन्-



हाम्रो मुद्दा अदालतमा छ। सर्वोच्च अदालतको आदेश आउन बाँकी छ। एउटा पक्षबाट महाधिवेशन आह्वान भएको छ। अर्को पक्ष समेटिएको छैन। यी सबै बिषयमा छलफल गर्न लागिएको बुझेको छु, मलाई पनि बोलाइएको छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

निर्वाचन आयोगले विशेष महाधिवेशनपछिको कांग्रेस नेतृत्वलाई वैधानिकता दिए पनि सर्वोच्च अदालतमा मुद्दा विचाराधीन भएका वेला पूर्वसभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला समूहले समानान्तर गतिविधि थालेको छ। कांग्रेस नेतृत्वको वैधानिकताबारे सर्वोच्च अदालतले आगामी आइतबार सुनुवाइ तोकेको छ, त्यसअघि दुवै पक्ष रणनीतिक छलफल र गतिविधिमा छन्।

केही दिनअघि संस्थापन पक्षले केन्द्रीय समिति बैठकमार्फत आगामी १६-१९ असोजमा १५औँ केन्द्रीय महाधिवेशन आह्वान गरेको छ। यसका लागि उसले महाधिवेशनको सम्पूर्ण कार्यतालिकासमेत बनाइसकेको छ। सर्वोच्चको फैसलापछि कांग्रेसको आन्तरिक विषय हेरफेर हुन सक्ने ठाउँ छ।

यहीवेला इतरपक्षले १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको बैठक मंगलबार बिहान बोलाएको छ। कांग्रेस केन्द्रीय कार्यालयका पूर्वमुख्यसचिव कृष्णप्रसाद पौडेलले अधिल्लो कार्यसमितिमा रहेका, तर हालको संस्थापन पक्षमा नभएका नेताहरूलाई बुधबार बैठकमा सहभागी हुन अनुरोध गरेका छन्। 'हामीसँग पार्टी कार्यालय छैन, तर पार्टीको केन्द्रीय समितिको बैठक जुन प्रक्रियाबाट बसिन्छ, त्यहीअनुसार बैठक बस्न लागेको छ। कार्यवाहक सभापतिका रूपमा पूर्णबहादुर खड्काले बैठकको अध्यक्षता गर्नुहुन्छ,' इतरपक्षका एक नेताले नयाँ पत्रिकासँग भने।

अधिल्लो महाधिवेशनपछि निर्वाचित केन्द्रीय सदस्य रामहरि खतिवडाले मंगलबार बिहान केन्द्रीय समितिको बैठक बोलाइएको र समसामयिक परिस्थितिबारे छलफल गर्न लागिएको जानकारी दिए। 'हाम्रो मुद्दा अदालतमा छ। सर्वोच्च अदालतको आदेश आउन बाँकी छ। एउटा पक्षबाट महाधिवेशन आह्वान भएको छ। अर्को पक्ष समेटिएको छैन। यी सबै विषयमा छलफल गर्न लागिएको बुझेको छु, मलाई पनि बोलाइएको छ,' खतिवडाले भने।

इतर पक्षको कार्यक्रममा ११ सांसद, खड्का र कोइरालाको सम्बोधन



सोमबार धुम्बाराहीको स्मार्ट होटेलमा नवनिर्वाचित सांसदहरूको बधाई तथा शुभकामना कार्यक्रममा सहभागी नेताहरू। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

प्रतिनिधिसभा र राष्ट्रिय सभामा निर्वाचिन कांग्रेसका सांसदसँग सोमबार देउवा समूहका नेताहरूले छलफल गरेका छन्। धुम्बाराहीको स्मार्ट होटेलमा भएको कार्यक्रमलाई कांग्रेस नेताद्वय पूर्णबहादुर खड्का र डा.शेखर कोइरालाले सम्बोधन गरेका छन्। खड्का कार्यवाहक सभापतिका रूपमा प्रस्तुत भएका थिए। सांसदहरूको बधाई कार्यक्रममा कांग्रेस नेताहरू विमलेन्द्र निधि, डा. शशांक कोइराला, प्रकाशमान सिंह, एनपी साउदलगायत सहभागी थिए। प्रतिनिधिसभामा कांग्रेसको कुल ३८ सिटमध्ये ११ जना सांसद मात्रै चियापान तथा छलफलमा सहभागी भए। चियापानमा प्रतिनिधिसभाका सांसदहरू रुक्मिणी कोइराला, उर्मिला थपलिया रीना उप्रेती, विष्णुबहादुर खड्का टेकबहादुर गुरुङ, गंगालक्ष्मी अवाल, गीता सेडदेन सुशीला ढकाल आचार्य, हरिनादेवी कामी, जयपति रोकाय र निनु कर्ण सहभागी थिए। राष्ट्रिय सभाका सांसद रञ्जित कर्ण, खम्मबहादुर खाती, चन्द्र केसी, जगत तिमल्सिना, गीता देवकोटा, सुनीलबहादुर थापा, वासुदेव जंगली र धर्मेन्द्र पासवान सहभागी थिए। कांग्रेस नेता खड्काले संविधान संशोधनको बहसमा सहभागी हुन, संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्न तथा संसद्मा नभएका तर अनुभवी नेताहरूसँग निरन्तर सम्पर्कमा रहेर सुझाव लिन अनुरोध गरेका थिए। यी सबै सांसद शनिबार पार्टीद्वारा आयोजित अभिमुखीकरणमा पनि सहभागी थिए।

शनिबार पूर्वगृहमन्त्री तथा कांग्रेस नेता रमेश लेखकलाई जेन-जी आन्दोलनमा भएको नरसंहारमा दोषी अभियोगमा प्रहरीले पक्राउ गरेपछि दुवै पक्षले समानान्तर विज्ञप्ति जारी गरेका थिए। संस्थापन पक्षले लेखकको पक्राउ गर्दा विधि मिचिएको, जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन त्रुटिपूर्ण र अपूरो रहेको उल्लेख गरे पनि लेखकको रिहाइ माग गरेको थिएन।

तर, इतरपक्षले विशेष महाधिवेशन पूर्व रहेको पदीय हैसियतमा कांग्रेसको लेटरप्याड प्रयोग गरेर बेग्लै विज्ञप्ति निकालेको थियो। कार्यवाहक सभापतिको हैसियतमा पूर्णबहादुर खड्काले विज्ञप्ति जारी गरेपछि संस्थापन पक्ष आक्रोशित भएको छ। पार्टी अनुशासन समिति बैठक बुधबार तोकिएको छ, जहाँ इतरपक्षीय नेताले पार्टी अनुशासन उल्लंघन गरेको पिषयमा छलफल हुने नेताहरूले बताएका छन्।

कांग्रेस महामन्त्री गुरुराज घिमिरेले अहिले निर्वाचन आयोगले निर्णय गरेर विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई मान्यता दिइसकेपछि र नयाँ नेतृत्वको हस्ताक्षरमा चुनावमा सहभागी भएको विषय सबैले स्वीकार गर्नुपर्ने बताए। 'योबाहेक अरू विकल्प छैन। समानान्तर गतिविधि अनुचित र अर्थहीन छ,' महामन्त्री घिमिरेले भने।

■ **अनुशासन समिति बैठक : खड्का र विश्वकर्मामाथि छलफल हुने**

कांग्रेस अनुशासन समितिको बैठक बुधबार अपराह्न १ बजे तय भएको छ। तारामान गुरुङ संयोजक रहेको समितिले विशेषतः समानान्तर गतिविधि र पार्टी हितविपरीतका वक्तव्य दिएका नेताहरूबारे छलफल हुने एक नेताले बताए।

'समानान्तर रूपमा गतिविधि गरेका र पार्टीको लेटरप्याडको दुरुपयोग गरेका पूर्णबहादुर खड्का र पार्टीमा विभाजन ल्याउने गरी बोलेका मीन विश्वकर्माका बारेमा छलफल हुनेछ, बाँकी विषयमा पनि हुँदै जाला' संस्थापन पक्षका एक नेताले भने। विश्वकर्माले अहिले कांग्रेसमा दुईजना सभापति रहेको भन्दै विशेष महाधिवेशनको नेतृत्वलाई सार्वजनिक रूपमा चुनौती दिँदै आएका थिए। अनुशासन समितिको बैठकमा गत निर्वाचनमा भएका अन्तर्घातका बारेमा पनि छलफल हुनेछ। शेरबहादुर देउवाको अन्तर्घातका कारण पार्टीले कम्तीमा २१ सिट हार्नुपरेको संस्थापन पक्षको आन्तरिक निष्कर्ष छ। एक नेताले भने, 'पूर्णबहादुर खड्का र मीन विश्वकर्माको क्रियाशील सदस्यता नवीकरण नगर्नेसम्मको निर्णय हुन सक्छ।'

कोशी र कर्णालीका सांसदसँग प्रधानमन्त्रीले मागे तत्काल गर्नुपर्ने काम

मधेश, बागमती, लुम्बिनी, गण्डकी र सुदूरपश्चिम प्रदेशका सांसदसँग आज छलफल गर्दै



कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाहले विभिन्न प्रदेशबाट प्रतिनिधित्व गर्ने सांसदहरूसँग छलफल गरेका छन्। शाहले सोमबार सांसदहरूलाई प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बोलाएर क्षेत्रगत समस्याहरूको बारेमा जानकारी लिएका हुन्।

झापा २ बाट निर्वाचित सांसद इन्दिरा रानामगरका अनुसार प्रधानमन्त्री शाहले कोशी प्रदेशबाट प्रतिनिधित्व गर्ने सबै दलका सांसदहरूलाई सुरुमै तपाईंहरूको क्षेत्रको तत्कालीन समस्या के छ भनेर सोधेका थिए। सांसदहरूले हात्ती आतंकको समस्या, बाटो, पुल, समान विकासको विषयहरू राखेका थिए। प्रधानमन्त्री शाहले महानगरमा काम गर्दा ढुकुटी कति छ भन्ने थाहा हुने र सोअनुसार तत्कालै सम्बोधन गरेको अनुभव सुनाउँदै अहिले देशको आर्थिक स्थिति हेरेर त्यसलाई सम्बोधन गर्ने र समान विकासको अवधारणालाई कार्यान्वयन गरिने बताए।

धनकुटाबाट निर्वाचित एमाले सांसद राजेन्द्र राईले पूर्वप्रधानमन्त्री केपी ओलीको गिरफ्तारीप्रति आपत्ति जनाउँदै रिहा गर्न माग गरेका थिए। 'तपाईंले पहिले पूर्वप्रधानमन्त्री ओलीलाई गरिएको प्रतिशोध रोक्नुस्। समृद्धका लागि शान्ति चाहिन्छ। शान्तिका लागि यो रोक्नुस्। अध्यक्षलाई छोड्नुस्,' राईले भनेका थिए। यो विषयमा प्रधानमन्त्री शाहले कुनै जवाफ दिएनन्।

रास्वपा सांसद गणेश कार्कीले बजेट निर्माणको पूर्वसन्ध्यामा क्षेत्रगत समस्याको अर्जेन्सी पहिचान गर्न प्रधानमन्त्रीले प्रदेशगत रूपमा सबै दलका सांसदसँग छलफल गरेको र आफ्हूरूले समस्या राखेको बताए। छलफलमा कार्कीले भूमि र सुकुमवासीसँग जोडिएका समस्या समाधानका लागि मोरङलाई पाइलट प्रोजेक्टका रूपमा अगाडि बढाउन सुझाव दिएका थिए।

प्रधानमन्त्री शाहले कर्णालीका सांसदसँग पनि सोमबारै छलफल गरेका थिए। भेटमा राप्रपा सांसद ज्ञानबहादुर शाहीले कर्णालीलाई विकासको मूलधारमा ल्याउन र योजना प्रभावकारी कार्यान्वयनमा जोड दिएका थिए। प्रधानमन्त्री शाहले कर्णालीको दिगो तथा समावेशी विकासका लागि सरकार प्रतिबद्ध रहेको र आवश्यक नीतिगत तथा संरचनागत सहयोग प्रदान गर्ने बताएका थिए। आगामी बजेटमा कर्णालीलाई प्राथमिकता दिन, कर्णालीको शासकीय सुधार, भौतिक पूर्वाधार निर्माणमा विशेष जोड दिन सांसदहरूले आग्रह गरेका थिए।

'जाजरकोट भूकम्पपछिको राहत तथा पुनर्निर्माण, मनसुनपूर्व तयारी, कर्णाली, भेरी, राप्तीलगायत विभिन्न सडक करिडोर तथा मध्य-पहाडी, मदन-भण्डारी, लुम्बिनी-रारालगायतका बारेमा लोकमार्ग तथा सडक पूर्वाधार, स्वास्थ्य बिमा, मातृ-शिशु पोषण, दैलेख पेट्रोलियम अनुसन्धान, वन्यजन्तुबाट हुने जोखिम व्यवस्थापन साथै सञ्चार, विद्युत्, खानेपानी, सिँचाइ, कृषि, वन, पर्यटन, शिक्षा आदि क्षेत्रमा आवश्यक प्राथमिकताबारे प्रधानमन्त्रीसँग कुरा राखेका छौं,' नेकपा सांसद रमेश मल्लले भने। सरकार प्रवक्ता शिक्षामन्त्री सस्मित पोखरेलले प्रदेशका समस्याहरूमा के कसरी सहकार्य गर्न सकिन्छ भनेर समग्रमा छलफल गरेको बताए।

संविधान संशोधनका लागि कार्यदल गठन

सरकारले संविधान संशोधनसम्बन्धी बहसपत्र तयार पार्न कार्यदल गठन गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले राजनीतिक सल्लाहकारको अध्यक्षतामा संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको सहभागिता रहने गरी कार्यदल गठन गर्ने निर्णय गरेको हो। कार्यदलले राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधनका लागि बहसपत्र तयार गर्ने सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले बताए।

एकान्तकुना यातायात कार्यालयबाट १५ बिचौलिया पक्राउ

काठमाडौं/ प्रहरीले ललितपुरस्थित यातायात व्यवस्था कार्यालयबाट १५ जना बिचौलियालाई पक्राउ गरेको छ। सेवाग्राहीलाई हैरानी पारेको सूचनापछि प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। जिल्ला प्रहरीपरिसर ललितपुरबाट खटिएका प्रहरी टोलीले उनीहरूलाई सोमबार दिउँसो पक्राउ गरेको हो। प्रहरीका अनुसार उनीहरूले सेवाग्राहीलाई प्रभावित पारेर अतिरिक्त रकम असुल्दै आएका थिए। सेवाग्राहीको सूचनापछि उनीहरूलाई पक्राउ गरिएको प्रवक्ता एसपी गौतम मिश्रले बताए। 'यातायात व्यवस्था कार्यालयका १५ बिचौलिया पक्राउ परेका छन्। उनीहरूविरुद्ध अहिले अनुसन्धान जारी छ। उनीहरूले सेवाग्राहीलाई अतिरिक्त रकम मागेर हैरानी गरेको सूचना आयो। सोही सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो,' उनले भने। जिल्ला प्रहरीपरिसर ललितपुरका अनुसार उनीहरूलाई हिरासतमा लिई अनुसन्धान भइरहेको छ। घटनामा संलग्न अन्य बिचौलियाविरुद्ध पनि अपरेसन थाल्न प्रहरीले आवश्यक सूचना संकलन गरिरहेको परिसरका प्रवक्ता एसपी मिश्रले बताए।

लापसे गरी सवारी चलाउने चार चालक पक्राउ

कास्की/ लागु पदार्थ सेवन गरी सवारीसाधन चलाउने चारजना चालक पक्राउ परेका छन्। पुतलीबजार नगरपालिका- १ बसपार्कस्थित सिद्धार्थ राजमार्ग सडक खण्डमा निजी तथा सार्वजनिक सवारीसाधनका चालकहरूलाई लागुऔषध सेवन गरे नगरेको चेकजाँच गर्ने क्रममा उनीहरू पक्राउ परेको जिल्ला प्रहरी कार्यालय, स्याङ्जाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रसन्नराज चौधरीले बताए। पक्राउ पर्नेहरूमा ग.३च. ५८५ नम्बरको बोलेरो जिपचालक मोहन थापा, लु८३ प७६ नम्बरको मोटरसाइकलचालक विपिन कुँवर, ग१० प ८६९७ नम्बरको मोटरसाइकलचालक प्रमिस केसी र ग१ख९१२४ नम्बरको हाइसचालक रिकेश परियार छन्। चारजनामध्ये थापा र कुँवरको साथबाट प्रहरीले पाँच-पाँच ग्राम गाँजासमेत बरामद गरेको चौधरीले बताए। उनीहरूलाई थप अनुसन्धान तथा कानुनी कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

■ सन नेपाल लाइफ इन्स्योरेन्सको आइपिओमा अनियमितता

कर्मचारीको नामको सेयर आफैँ खरिद गरेका सिइओ पक्राउ

टेकराज थामी/नयाँ पत्रिका

सन नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्याल पक्राउ परेका छन्। आइपिओ (इनिसियल पब्लिक अफरिङ) वितरणमा अनियमितता भएको पाइएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अर्याललाई सोमबार पुतलीसडकबाट पक्राउ गरेको हो।

अर्याललाई मातहतका कर्मचारीका लागि छुट्याइएको आइपिओ वितरणमा भेल गरी अधिकांश आफैं खरिद गरेका थिए। घटनाको सूचनापछि नेपाल धितोपत्र बोर्ड (सेबोन) अनुसन्धानमा उत्रिएको थियो। तर, आर्याललेबोर्डलाई मागेबमोजिमको कागजात उपलब्ध गराएका थिएनन्। अहिले उनलाई सोही अभियोगमा पक्राउ गरिएको सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले बताए। 'सन नेपाल लाइफ इन्स्योरेन्सका सिइओ राजकुमार अर्याललाई पक्राउ परेका छन्। आइपिओ बाँडफाँटका सम्बन्धमा आवश्यक कागजात अधिकारवाला निकायलाई उपलब्ध नगराएको देखियो। गरे पनि एक ठाउँको कागजात अर्कै ठाउँमा पेस गरेको देखियो,' उनले भने।



● राजकुमार अर्याल

इन्स्योरेन्सले २५ जेठ ०८० मा मातहतका कर्मचारीका लागि भन्दै चार लाख ८० हजार कित्ता सेयर निष्कासन गर्ने निर्णय गरेको थियो। तर, कम्पनीका सिइओ अर्याललले कर्मचारीका लागि खुलाइएको सेयरको अधिकांश हिस्सा आफैंले खरिद गरेका थिए। जसका लागि उनले हस्ताक्षरसमेत किर्ते गरेका थिए। घटनाको सम्बन्धमा सिआइबीले ०८१ को भदौमै अनुसन्धान सुरु गरेको थियो। तर, पछि अनुसन्धान विनाकारण स्थगित गरिएको थियो।

धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, ०७४ अनुसार संगठित संस्थाले सर्वसाधारणका लागि विनियोजन गरेमध्ये ५ प्रतिशत सेयर कर्मचारीका लागि छुट्याउनुपर्ने व्यवस्था छ । 'प्रचलित कानुनले विशेष व्यवस्था गरेकोमा बाहेक संगठित संस्थाले सर्वसाधारणलाई छुट्याएको सेयरमध्ये बढीमा ५ प्रतिशतसम्म संस्थामा कार्यरत करार र ज्यालादारी कर्मचारीबाहेकका कर्मचारीलाई छुट्याउन सक्नेछ,' निर्देशिकाको दफा ५ मा भनिएको छ। कानुनको सोही प्रावधानअनुसार इन्स्योरेन्स कम्पनीले सर्वसाधारणका लागि विनियोजन गरिएमध्ये ५ प्रतिशत सेयर आफ्ना कर्मचारीका लागि छुट्यायो। इन्स्योरेन्सले सर्वसाधारणका लागि ९६ लाख कित्ता सेयर छुट्याएको थियो। त्यसको ५ प्रतिशतले हुन आउने चार लाख ८० हजार कित्ता सेयर कर्मचारीलाई वितरण गरिनुपर्ने थियो। तर, सिइओ अर्याललेएक लाख चार हजार कित्ता सेयर किर्ते गरेर खरिद गरे। किर्ते गरेर आफूले पाउनुपर्ने हक सिइओ अर्याललेखोसेको थाहा पाएपछि इन्स्योरेन्स कम्पनीका असन्तुष्ट कर्मचारी जाहेरी लिएर सेबोन पुगे। सेबोनले घटनाको अनुसन्धान गऱ्यो। यसका निम्ति अर्यालसँग कागजात मागियो। तर, अर्याललेसेबोनलाई कागजात नै उपलब्ध गराएनन्।

धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका ०७४ को दफा ४ अनुसार संगठित संस्थाले सर्वसाधारणका लागि निष्कासन गर्नेमध्ये १० प्रतिशत सेयर वैदेशिक रोजगारमा गएकाहरूका लागि निष्कासन गर्नुपर्छ । इन्स्योरेन्सले उनीहरूका लागि १० प्रतिशत (नौ लाख ६० हजार कित्ता) सेयर निष्कासन गर्ने निर्णय गऱ्यो। अंकित मूल्य एक सय र प्रिमियम एक सय ३९ रुपैयाँ निर्धारण भयो। यसरी वैदेशिक रोजगारमा गएकाहरूले सन नेपाल इन्स्योरेन्सको सेयर प्रतिकित्ता दुई सय ३९ रुपैयाँमा खरिद गर्नुपर्ने भयो। तर, इन्स्योरेन्समातहतका कर्मचारीका लागि भने अंकित मूल्य सय रुपैयाँ मात्रै निर्धारण गरियो। प्रिमियम तिर्नु नपर्ने भएपछि कर्मचारीले सर्वसाधारणभन्दा प्रतिकित्ता सेयरमा नै एक सय ३९ रुपैयाँ सस्तोमा पाउने भए । तर, फाइदा सिइओ अर्याल एक्लैले उठाए।

कम्पनीले ९६ लाख कित्ता सेयर निष्कासन गरेको थियो। त्यसको ५ प्रतिशत चार लाख ८० हजार कित्ता सेयर अंकित मूल्य प्रतिकित्ता एक सय रुपैयाँमा बिक्री गरिएको थियो। बाँकी मध्ये १० प्रतिशत नौ लाख ६० हजार वैदेशिक रोजगारीमा गएका नेपाली, सामूहिक लगानी कोषलाई चार लाख ८० हजार र सर्वसाधारण लगानीकर्तालाई ७६ लाख ८० हजार कित्ता सेयर प्रिमियमसहित प्रतिकित्ता दुई सय ३९ रुपैयाँका दरले वितरण गरिएको थियो।

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

Date of Publication: 31th March, 2026

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under National Competitive Bidding Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S.N	Identifiction No.	Name Of Project	Estimated Amount(Without VAT and Contingencies including P.S) (NRs)	Bank Address for Bid Document Fee	Bid Document Fee(NRs)	Bid Security Amount(NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/Bid Bond Validity Period
1	NEE-NCB:-23/2082/83	Pashupati Ma. Vi. building Construction Works	5,758,220.15	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	3,000.00	145,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	30th April, 2026, 12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE-NCB:-24/2082/83	Sankhadevi Ma. Vi. building Construction Works	5,758,220.15		3,000.00	145,000.00			
3	NEE-NCB:-25/2082/83	Construction of Cold Chamber	1,775,405.31		3,000.00	45,000.00			

3. Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at30th April, 2026 of 14:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

एकीकृत ग्रामीण विकास मन्त्रालयको खाँचो

कमजोर भूमि व्यवस्थापन तथा पूर्वाधारका कारण हाम्रो समग्र कृषि क्षेत्र प्रणालीगत असफलतातर्फ लम्किरहेको छ



● हरि रोका

अग्रलेख

दुईतिहाइ बहुमतनिकट सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को शक्तिशाली सरकारले २५ मन्त्रालयलाई एक-अर्कामा गाभेर १५ वटामा सीमित पार्ने भन्ने सुनिन्छ। सायद समयको चापले होला, प्रधानमन्त्री बालेन्द्र शाहले मन्त्रालय यथावत् राखेर कुनै मन्त्रीलाई दुई-दुईवटा मन्त्रालयको जिम्मेवारी खप्ट्याएका छन्। सायद पछि आवश्यकताअनुसार 'मर्ज' गराउने नीति हुन सक्छ। यसै सिलसिलामा सरकारले यही १३ चैतको निर्णयको हवाला दिँदै शासकीय सुधारसम्बन्धी कार्यसूची प्रकाशमा ल्यायो। कार्यसूचीको बुँदा नम्बर ९ अनुसार ३० दिनभित्र मन्त्रालयको संख्या घटाएर १७ कायम गर्ने बताइएको छ।

सो कार्यसूचीको (ट) कृषि, भूमिसुधार र आधारभूत सेवा शीर्षकअन्तर्गत ९०, ९१ र ९२ बुँदामा उल्लेख गरिएका समस्या र समाधानका उपायबारे सुझाइएका बुँदा हेर्दा समग्र कृषिसम्बन्धी हाल देखापरेका विद्यमान संरचनागत समस्या, संस्थागत व्यवस्थापनका समस्या र अर्धबेरोजगारी र उत्पादन प्रक्रियामा देखापरेका समस्याबारे अपूरो, अधुरो र अव्यावहारिक समाधान खोजेको देखियो। यस सन्दर्भमा सरकार र विद्वान् नीति-निर्मातासमक्ष कृषिलाई केवल एकल दृष्टिबाट नबुझियोस् भन्ने आग्रह छ। विद्यमान नेपाली समाजमा अहिले पनि कृषि क्षेत्रको भूमिका ठुलो छ। आर्थिक सञ्चिति, आमजीविकोपार्जन, सामाजिक तथा सांस्कृतिक रीतिरिवाज र सामाजिक दायित्व निर्वाहका हिसाबले कृषिको ठुलो महत्त्व छ। तर, बहुदलीय व्यवस्थाको पुनर्स्थापनायता कुनै पनि सरकारले यसतर्फ ध्यान दिएको देखिन्न। कृषि, भूमिसुधार र आधारभूत सेवबारे छोटो आलेखमा धेरै कुरा समेट्न सकिन्न। यद्यपि, कृषि क्षेत्रलाई प्रभाव पार्ने अवयव, संरचनागत परिवर्तनको आवश्यकता, संस्थागत परिचालन र समग्रमा कृषिको एकीकृत विकाससम्बन्धी बहस निर्माण गर्ने हेतुले यो छोटो बहस अगाडि सारेको छु।

कृषिलाई कसरी बुझ्ने ? : 'नेसनल स्याम्पल सेन्सस अफ एग्रिकल्चर' (२०२१/२२) का अनुसार ४० लाख १३ हजार घरधुरी (कुल घरधुरीमध्ये ६२ प्रतिशत) अर्थात् कुल जनसंस्थाको ६७ प्रतिशत जनता कृषि व्यवसायमा संलग्न रहेका छन्। तीमध्ये एक लाख ३२ हजार पाँच सय घरधुरी जमिनविहीन तर पशुपालनमा छन्। सन् २०११/१२ को तुलनामा यतिवेला नौ प्रतिशत घरधुरीले कृषि पेसा छोडेका छन्। नेपालमा कार्यरत फुड एन्ड एग्रिकल्चर अर्गनाइजेसनका अनुसार ६६ प्रतिशत श्रमशक्ति कृषि क्षेत्रमा आबद्ध छन्। तर, आर्थिक वर्ष सन् २०१०/११ देखि २०२४/२५ को अवधिमा १२ अर्बदेखि ५७ अर्ब अर्थात् कुल बजेटको सरदर ३.५ प्रतिशत मात्र बजेट कृषिमा छुट्याउने गरिएको छ। सरदर १७ सयदेखि १९ सय अर्बको बजेटमा त्यो औसत प्रतिशत छुट्याइनु भनेको हात्तीको मुखमा जिराजस्तै हो। त्यसैले कृषि क्षेत्र सुक्दै गयो र राष्ट्रिय कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान सन् २०११ मा ३० प्रतिशतबाट झरेर ०२२/२३ मा २४ प्रतिशतमा सीमित हुन पुग्यो। कृषि उपजको न्यूनतम मूल्य सुरक्षा, उखु किसानको समयमा भुक्तानी नदिनु वा 'स्वाइल हेल्थ कार्ड'मात्र कृषि क्षेत्रका समस्या होइनन्। कृषिमा धेरै संरचनागत समस्या छन्। जसलाई बुँदागत रूपमा यसरी औँल्याउन सकिन्छ।

१. भूमि व्यवस्थापन र आमबसाइँसराइ : सन् १९९० को पहिलो जनआन्दोलनले नेपाली समाजमा विद्यमान आर्थिक सामाजिक रूपान्तरणको माग गरेको थियो। सम्झौतामा टुंगिएको सो आन्दोलनको मुख्य सार सामाजिक न्यायसहितको भूमिसुधार पनि एक थियो, जमिनविहीन वा पर्याप्त जमिन नभएका जनसमुदायको जीविकोपार्जन हल गर्ने समस्या। तर, सन् १९९२ मा कांग्रेसको सरकार बनेपछि उसले नवउदारवादी बजार अर्थतन्त्र लागू गर्‍यो र जमिनलाई क्रय-विक्रयको वस्तु ठानी बजारको जिम्मा लगायो। पछिल्ला सरकारले भूमिसुधार गर्न भूमिसुधार तथा व्यवस्थापन आयोग बनाए तर कार्यान्वयनमा लगेनन्। उत्पादनका साधनमाथिको स्वामित्व पाउनबाट आजसम्म भूमिहीनहरू वञ्चित रहँदै आए।

नेपालको कृषि प्रणाली मूलतः पारिवारिक खेती प्रणाली थियो र हो। तर, बजार अर्थतन्त्र लागू गर्दा (१) सरकारले मल, बिउ, कीटनाशक औषधि र ढुवानी खर्च आदिमा दिइरहेको राहत कटौती गर्‍यो (२) शिक्षाको उज्यालोबाट कोही पनि बालबालिका वञ्चित हुनुहुन्न भन्ने नारा एकातर्फ लगाइयो भने अर्कातर्फ शिक्षा र स्वास्थ्यमा विनिवेश (डाइभेस्टमेन्ट) गरियो। छोराछोरी पढाउने खर्च जुटाउन आफसे-आफ परिवार नियोजन सुरु भयो र एक दशकभित्रै परिवारको साइज खुम्चियो। (३) सन् १९९६ बाट सुरु भएको जनयुद्धले ग्रामीण कृषिमा लगानी गर्ने साहुकार लखेटिए। बैंक तथा वित्तीय संस्था कृषिमा लगानी गर्न कहिल्यै उत्सुक देखिएनन्। जनयुद्धमा सामेल नभएका युवा वैदेशिक रोजगारीमा जाने बाध्यकारी परिस्थिति बन्यो। यद्यपि, रेमिट्यान्स रकम गाउँमा जति भित्रियो, कृषि क्षेत्रमा लगानी भएन। (४) सुरुमा वैदेशिक रोजगारी बाध्यता थियो। पछि यो संस्कारका रूपमा विकसित भयो। अर्कातर्फ सार्वजनिक शिक्षा र स्वास्थ्यको स्तरीयतामाथि बजारले प्रश्न खडा गर्‍यो। त्यसपछि यो पूर्ण रूपमा अविश्वासमा बदलियो। यसले नानीबाबुलाई लिएर पढाइका नाममा आमाहरूले गाउँ छोड्ने संस्कार हुर्कियो र पछि बसाइँसराइको माध्यम। गाउँ आज एउटा होइन, धेरै निहुँमा खाली हुँदै छन् र समाज र परिवारहरू टुक्रिँदै छन्।

यतिवेला हिमाल र पहाडमा जमिन बाँझो छोडेर बसाइँसराइ तीव्र बन्दै गएको छ। लगभग ५० प्रतिशतको हाराहारीमा जमिन बाँझो रहेको अनुमान छ र मधेशमा झन्डै १५ प्रतिशतले बाँझो जमिन बढेको छ। तीन बाली उत्पादन हुने तराईमा एक बाली मात्र उत्पादन गर्नुले पनि कृषि उत्पादनमा ह्रास आउँदै गरेको थाहा पाउन सकिन्छ। पहाडी र मधेशी गाउँबाट बसाइँसराइ हुनुपर्ने अनगिन्ती कारण छन्। वन्यजन्तु, स्तरहीन शिक्षा र स्वास्थ्य, कमजोर पूर्वाधार विकास तथा कमजोर बजार मूल कारण हुन्, जसले आर्थिक-सामाजिक मात्र होइन, जनसंख्या, जैविक विविधता, पर्यटन, औद्योगीकरण तथा व्यावसायीकरण सबै क्षेत्रमा प्रभाव पारेको छ।



२. पूर्वाधार : (क) **सिँचाइ** : कृषिका लागि सबैभन्दा पहिलो आवश्यक पूर्वाधार भनेको सिँचाइ हो। केही वर्षअघिसम्म नेपालमा ३५ लाख ६० हजार हेक्टर जमिनमा खेती गरिन्थ्यो। त्यसमध्ये २५ लाख ४० हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुग्न सक्ने अनुमान गरिएको थियो। त्यसमध्ये १५ लाख ७० हजार हेक्टरमा वर्षमा सिँचाइ सुविधा पुर्‍याउने अस्थायी व्यवस्था भए पनि त्यसको पनि १९ प्रतिशत जमिन अर्थात् पाँच लाख ५० हजार हेक्टरमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ। २०१५ देखि ३५ सम्मका लागि तयार पारिएको 'एग्रिकल्चर डेभलपमेन्ट स्ट्राटेजी' (एडिएस)ले सन् २०२५ सम्म ६० प्रतिशत र सन् २०३० सम्म ८० प्रतिशत सिँचाइ सुविधा पुर्‍याउने गफ छाँटे पनि समयमा पूरा हुने कुनै लक्षण देखिन्न।

(ख) कृषि सडक : कृषिको आधुनिकीकरण, व्यावसायीकरण तथा औद्योगीकरणका लागि सडक दोस्रो महत्त्वपूर्ण पूर्वाधार हो। स्थानीय पूर्वाधार विकास तथा कृषि सडक (डोलिडार) का अनुसार ९० अर्ब खर्च गरेर देशभरि ६ हजार ६ सय ८३ वटा लामा-छोटा सडक गरी लगभग ५१ हजार किलोमिटर सडक (ट्र्याक ओपन) गरिएको छ। त्यसमध्ये एक हजार ५७५ किमि कालोपत्रे गरिएको छ। अधिकांश सडक ६ महिनाभन्दा बढी चल्दैनन्। जम्मा १७ प्रतिशत ग्रामीण भेगमा बाह्रै महिना यातायात सुविधा पुगेको छ।

(ग) स्रोत व्यवस्थापन : नेपाली कृषक स्रोत व्यवस्थापनको अभावमा कम उत्पादकत्वको मारमा पर्छन्। ऋणग्रस्त बन्न पुग्छन्। र, अक्सर खाद्य असुरक्षाको मार व्यहोर्छन्। बैंकहरूले ऋण पत्याउँदैनन्। साहुकार मिटरब्याजी छन्। समयमा रासायनिक मल (युरिया, डिएपी र पोटास) उपलब्ध हुँदैन। स्तरहीन बिउबाट ठगिन्छन् र कृषि औजारबाट वञ्चित हुन अभिशप्त छन्।

> कृषि, भूमिसुधार, सहकारी, पशुपक्षी, सिँचाइ, ग्रामीण पूर्वाधार विकास, कृषि-शिक्षा, ग्रामीण पर्यटन, ग्रामीण वित्तजस्ता संस्थागत काम गर्न एकीकृत ग्रामीण विकास मन्त्रालय आवश्यक छ

(घ) कृषि बजार : व्यावसायिकताको रटान लगाइरहने शासक बजारको आवश्यकता र बिचौलियबाट कृषकको रक्षा गर्ने दुवै कर्तव्यबाट अलगथलग देखिन्छन्। बजारसँगको पहुँच नहुँदा उनीहरूले कृषि उपजको सुपथ मूल्य पाउँदैनन्। भारतीय कृषि उपजसँग प्रतिस्पर्धा गर्न नसकेर कृषि क्षेत्र 'खँजाहा' बन्न पुगेको छ।

भूमि व्यवस्थापन तथा कमजोर पूर्वाधारका कारण कृषि क्षेत्र प्रणालीगत असफलतातर्फ लम्किरहेको छ। जीविकोपार्जनमुखी कृषिबाट आधुनिकतातर्फ लम्कँदै व्यावसायीकरण तथा औद्योगिकीकरण गर्दै लगानीका लागि प्रारम्भिक पुँजी सञ्चिति गर्नुपर्ने ठाउँमा पुग्नुभन्दा उल्टो सस्तो श्रम निर्यात गर्ने अवस्थामा पुग्नु कुनै पनि स्वतन्त्र स्वाभिमानी मुलुकका लागि लज्जाको विषय हो।

एकीकृत ग्रामीण विकास मन्त्रालय : विगतमा सिँचाइ मन्त्रालय कृषिमा नराखेर जलस्रोतमा किन लगियो ? कृषिबाट भूमिसुधार किन अलग्याइयो ? जस्तो, सिँचाइ कृषिको अभिन्न अंग हो। सिँचाइविनाको कृषिको अर्थ आकासे पानीमा भर पर्नु हो। मौसम परिवर्तनको आजको युगमा जसको कुनै भरोसा देखिँदैन। त्यसैगरी, कृषिबाट भूमिसुधार र सहकारी मन्त्रालय अलग गरिनुमा कुनै तर्क देखिँदैन। कृषि भूमिलाई व्यवस्थित तुल्याउन, आवश्यकताका आधारमा न्यायोचित वितरण गर्न, कृषि उत्पादनका समग्र कार्यलाई सहजीकरण गर्न र उत्पादन वृद्धि गरी मुलुकलाई खाद्यान्न उत्पादनमा आत्मनिर्भर तुल्याउने लक्ष्य भएका संस्थाको बेग्लाबेग्लै चुल्होचौका किन ?

जनसंख्याको ठुलो हिस्सा मात्र होइन, श्रमिक संख्याको दुईतिहाइ कृषिमा आबद्ध छ। र, यत्रो ठुलो श्रमशक्तिलाई तत्काल कुनै ठाउँमा सार्न सकिने अवस्था पनि छैन। यस्तो अवस्थामा सर्वशक्तिमान वर्तमान सरकारले अलि फराकिलो दृष्टिकोण बनाउन जरुरी देखिन्छ। जस्तो- (१) साना किसान/पारिवारिक खेतीलाई कसरी हेर्ने ? अर्को अर्थमा कृषिको रूपान्तरण र भूमि व्यवस्थापनबारे सरकारी दृष्टिकोण के हुने ? (२) कृषि उत्पादनमा तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्र कसरी पहिचान गर्ने ? (३) कृषि संस्कृतिलाई (एग्रिकल्चर) नबिगारी कृषिको व्यावसायीकरण र औद्योगिकीकरण कसरी गर्ने ?
(४) कर्पोरेट व्यावसायिक किसानबाट मझौला र साना किसानलाई कसरी जोगाउने ? (५) जग्गा एकीकरणको जिम्मा, उत्पादन प्रणालीको व्यवस्थापन तथा स्थानीय भौतिक पूर्वाधार निर्माणको जिम्मेवारी कसलाई सुम्पने ? कम्पनी, सामुदायिक वा सहकारी खेतीको व्यवस्थापन र नियमनको जिम्मेवारी कसले लिने ? (६) भू-उपयोगी नीतिको कार्यान्वयन कसले गर्ने ? (७) कृषि अनुसन्धान र कृषि शिक्षालाई कृषि पेसासँग कसरी जोड्ने ?
(८) कृषि क्षेत्रको स्तरोन्नति विकास र भूमि व्यवस्थापनमा प्रदेश र स्थानीय सरकारको भूमिका के रहने ? (९) कृषिमा लगानी व्यवस्थापन कसरी गर्ने ?

दिगो र भरपर्दो कृषि : अल्पविकसित नेपालका लागि कृषि नै हालका लागि दिगो र भरपर्दो पेसा हो। वर्तमानमा चलिरहेको इरानमाथिको अमेरिकी तथा इजरायली युद्धले रेमिट्यान्सबाट भित्रिने रकमलाई मात्र असर गर्दैन, खाडी क्षेत्रमा श्रम गरिरहेका लगभग १७ देखि १९ लाख नेपाली श्रमिक र तिनको कमाइमा आश्रित परिवारमा दुष्प्रभाव पर्ने देखिन्छ। त्यसका अतिरिक्त मूल्यवृद्धि, आपूर्ति शृंखला, पर्यटन व्यवसाय र समग्र अर्थतन्त्रमा खराब प्रभाव पर्नेछ। युद्ध विस्तार हुँदा श्रम बजारमा उपस्थित हुने पाँच लाख ९० हजार व्यक्तिलाई कसरी रोजगारी दिलाउने र युद्धग्रस्त क्षेत्रबाट फर्किएका श्रमिकलाई कहाँ अड्याउने ? भन्ने प्रश्न जटिल छ। यसले नेपाली जनताका लागि खाइजीविका ठुलो प्रश्न हुनेछ। गाउँमा खेतबारी बाँझो हुँदै गएका छन्। घरपालुवा पशुपालन हराएको छ। बिउबिजनका अतिरिक्त रासायनिक मल आपूर्ति अवरुद्ध र महँगो छ।

कुनैवेलाको कृषिमा आत्मनिर्भर मुलुक आज विप्रेषणका बलमा ठुलो आयातकर्ता हुन पुगेको छ। वैदेशिक रोजगारीमा देखिएका अवरोधपछि जीविकोपार्जनका लागि कृषिको विकल्प देखिँदैन। सिंहदरबारमा बसेर कृषिको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणको गफ चुटेजस्तो सजिलो छैन, कृषिको रूपान्तरण। खोज, अनुसन्धान र संस्थागत पहल आवश्यक छ। त्यसका लागि कृषि, भूमिसुधार, सहकारी, पशुपक्षी, सिँचाइ, ग्रामीण पूर्वाधार विकास, कृषि-शिक्षा, ग्रामीण पर्यटन, ग्रामीण वित्तजस्ता संस्थागत काम गर्ने गरी एकीकृत ग्रामीण विकास मन्त्रालय निर्माण गरी सुरुवात गर्न सकिन्छ।

---

३ प्रश्न

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका पूर्वशाखाप्रमुख **गोविन्दराज पोखरेल**लाई



हामीकहाँ राजनीतिमुक्त शैक्षिक संस्थाको सम्भावना कति देख्नुहुन्छ ?

शैक्षिक संस्थालाई राजनीतिबाट मुक्त राख्न सम्भव नहुने भन्ने हुँदैन। तर, हाम्रो विद्यालय तहको शैक्षिक प्रशासनको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ। त्यहाँ राजनीतिक दलका प्रतिनिधिकै नेतृत्व रहन्छ। उनीहरूबाट नियुक्त गरिने व्यक्ति राजनीतिबाट मुक्त हुने सम्भावना कम हुन्छ। माथिबाटै निर्णय गरेर जाने हो भने ठिकै होला, तर कार्यक्रम सञ्चालन गर्न भने कठिन हुन सक्छ। यसबारे पहिले हामीले पनि प्रयास नगरेका होइनौँ। तर, दलहरूसित नजोडिई बस्नै नसक्ने परिपाटीले गर्दा पूर्ण सफलता पाउन सकिएन। पालिकालाई जिम्मा दिइएकाले सबैको बानी बिग्रिसकेको छ। त्यसैले, यो काम असम्भव नभए पनि चुनौतीपूर्ण भने हुन सक्छ।

शिक्षक, प्राध्यापकलाई राजनीतिक दलसितको आबद्धताबाट अलग गर्न कति सहज छ ?

हिजो विभिन्न दलसित सम्बद्ध संघ, संगठन र ट्रेड युनियनको आडमा राजनीतिक दल र तिनका नेतृत्वसित नजिक भएर आफ्नो स्वार्थ पूरा गर्ने बानी परेका प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई एकैचोटि दलसितको आबद्धताबाट अलग गर्न खोजिएमा केही कठिन हुन सक्छ। चरणबद्ध रूपमा जाँदा कठिन हुँदैन। आफ्नो निर्णयमा सरकार कटिबद्ध भएर अगाडि गएमा केही महिनाभित्र सबै मिल्दै जान्छ। तर, शैक्षिक संस्थाका जनशक्तिका कुरा सुन्नु पनि पर्छ। त्यसका लागि एउटा आधिकारिक ट्रेड युनियनको अधिकार भने दिनैपर्छ।

यसले शैक्षिक गुणस्तर सुधारमा कस्तो प्रभाव पार्ला ?

यसबाट शैक्षिक गुणस्तरमा राम्रै प्रभाव पर्छ। यसले सकारात्मक सुधार ल्याउँछ। यसबाट हिजो संघ, संगठनको आडमा बदमासी गर्ने बदमासहरू तह लाग्छन्। आखिर सोझासीधाले हिजो पनि इमानदारीसाथ काम गरिरहेकै थिए, भोलि पनि गर्ने नै छन्। तह लगाउनुपर्ने त बदमासहरूलाई न हो।

प्रेरक प्रसंग

सबैभन्दा ठुलो गधा !

एकपटक जंगलमा बस्ने एउटा गधा र बाघबिच घाँसको रङका विषयमा बहस चल्यो। गधाले भन्यो- घाँस निलो हुन्छ। बाघले भन्यो- हैन, हैन घाँस त हरियो पो हुन्छ। यसै विषयमा दुवैबिच लामो विवाद चल्यो। अन्ततः विवाद जंगलका राजा सिंहसम्म पुग्यो।

जब सिंहले दुवैका कुरा सुन्यो, त्यसपछि उसले भन्यो- हो, गधाले ठिक भनिरहेको छ। घाँस निलो नै हुन्छ। सिंहको फैसला सुन्नासाथ गधा खुसीले 'हिपहिप हुर्रे' भन्दै बुर्कुसी मारेर जंगलतिर लाग्यो। तर, अलि पर पुगेपछि गधा टक्क रोकियो र पुनः सिंहकहाँ फर्कियो।

गधाले सिंहलाई भन्यो- महाराज, हजुरले मलाई जिताई त दिनुभयो, तर बाघलाई सजाय त दिनुभएन नि ! गलत तर्क गरेकामा बाघलाई सजाय दिनुपरेन ? गधाको कुरा सुनेर सिंहले भन्यो- हो, तिमीले ठिक भन्यौ, बाघलाई सजाय दिनैपर्छ। सिंहले बाघलाई बोलाएर भन्यो, तिमीले गधासँगको बहसमा हारेकाले अबका तीन दिन मौन रहनुपर्छ। यो नै तिम्रो सजाय हो। बाघलाई सजाय तोकिएपछि गधा खुसीले पागल हुँदै जंगलतिर दौडियो।

गधा गइसकेपछि बाघले सिंहलाई भन्यो– महाराज हजुर कस्तो राजा हुनुहुन्छ ? मलाई थाहा छ, घाँस हरियो हुन्छ। हजुरलाई पनि थाहा छ घाँस हरियो हुन्छ। दुनियाँलाई थाहा छ, घाँस हरियो हुन्छ। तैपनि, हजुरले गधाको कुरा पत्याएर घाँस निलो हुन्छ भनेर फैसला सुनाउनुभयो। यो कहाँको न्याय हो महाराज ?

सिंहले बाघलाई भन्यो- हो, तिमीले ठिक भन्यौ। तिमीलाई थाहा छ, घाँस हरियो हुन्छ। मलाई पनि थाहा छ, घाँस हरियो हुन्छ। दुनियाँलाई थाहा छ, घाँस हरियो हुन्छ। त्यति हुँदाहुँदै पनि तिमीले बेकारमा गधासित किन यस विषयमा बहस गर्‍यौ ? गधासित गरेको बहसका लागि तिमीले यो सजाय पाएका हौ। जो गधासित बहस गर्छ, ऊ सबैभन्दा ठुलो गधा हो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

रासनकार्डको व्यवस्था होस्

देशमा शक्तिशाली नयाँ सरकार बनेको छ। यही समयमा बजारमा महँगी बढिरहेको छ। इन्धनमा भएको मूल्यवृद्धिले सम्पूर्ण क्षेत्रमा महँगी बढाइरहेको छ। यसले गर्दा नेपाली जनताले दैनिक उपभोग्य वस्तुमा महँगीको चर्को समस्या झेल्दै आएका छन्। यस्तो अवस्थामा महँगीबाट आमनागरिकलाई राहत दिन सरकारले मूल्यवृद्धि नियन्त्रण गरी बजारमा कालोबजारी गर्नेमाथि निर्ममतापूर्वक कारबाही गर्नुपर्ने अवस्था छ। साथै, चामल, पिठो, दाल, गेडागुडी, तेल, नुन, सब्जी, विद्युतीय चुलो, ग्यास आदि दैनिक उपभोग्य वस्तु उपलब्ध गराउन टोल, वडा, गाउँ, नगर र महानगरमा सुपथ मूल्यका पसल सञ्चालन गरी परिवारको संख्याका आधारमा रासनकार्ड उपलब्ध गराउन सके जनताले ठुलो राहत महसुस गर्ने थिए।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikh lcomwizard@gm ail.com

यस्तो अव्यवस्था किन ?

'१७ लाख अनुदान आए पनि सिराहा नगरपालिकाले किनेन औषधि, स्वास्थ्य संस्थामा सिटामोलसमेत पाइँदैन' शीर्षकको समाचार पढियो। यस्तो समस्या सिराहामा मात्र होइन, देशका अन्य धेरै स्थानीय तहमा पनि हुन सक्छ। स्थानीय सरकार भनेको जनताका घरदैलोमा सिंहदरबारको झल्को दिने सरकार हुन्। तर, तिनै सरकारले आफ्ना नागरिकलाई सेवा दिने विषयमा आलटाल गर्छन्, बजेट हुँदाहुँदै पनि नागरिकले पाउनुपर्ने सेवा दिँदैनन् भने तिनलाई कसरी जनताले आफ्नो सरकार मानून् ?

● **बलिना यादव**, गोठाटार, काठमाडौं

कांग्रेस सक्किने नै हो त अब ?

यतिखेर नेपाली राजनीतिमा दुईवटा नेपाली कांग्रेस अस्तित्वमा देखिएका छन्। एउटा विशेष महाधिवेशनयता गगन थापा नेतृत्वमा रहेको कांग्रेस र अर्कातिर विशेष महाधिवेशनले पाखा लगाएको 'आउटडेटेड' नेताहरूको पुनः पार्टी नेतृत्वमा कब्जा जमाउने जिजीविषाले 'कार्यवाहक सभापति' पूर्णबहादुर खड्का ब्युँताइएको कांग्रेस। उसै त यतिखेर कांग्रेस उठ्नै नसक्ने गरी थला परेको छ। यस्तोमा झनै दुवै समूहको यो विवादले आगामी दिनमा सक्किने निश्चित छ। अब सक्किने नै हो त ?

● **सुवर्ण परियार**, ढल्को, काठमाडौं

ओझेलमा परेको सकारात्मक पहल

गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचन, त्यसको नतिजा, शपथग्रहण, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को नेतृत्वमा सरकार गठन र त्यसपछि धमाधम भइरहेको एक्सन बढी चर्चामा छ। यसैको सेरोफेरोमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री माननीय फकिरा महतोको स्वागतयोग्य, प्रशंसनीय एवं अनुकरणीय 'एक्सन' अपेक्षाकृत रूपमा राष्ट्रियस्तरमा ओझेलमा परेको देखिन्छ। संघीय सरकारले उच्च तहका नेताविरुद्ध धमाधम कारबाही गरिरहँदा मन्त्री महतो ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं राष्ट्रिय धरोहर जनकपुरधाम क्षेत्रका सडकमा रहेको अवैध अतिक्रमण हटाउन स्वयं सडकमा उत्रिएको विषय सराहनीय एवं अनुकरणीय छ।

धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा परिचित जनकपुरधामको सौन्दर्यमाथि अवैध फुटपाथ एवं सडक अतिक्रमण र अव्यवस्थित फोहोर व्यवस्थापनले असर परेको थियो। यस समस्याले मधेश प्रदेश र सिंगो देशकै अनुहारमा दाग लागेजस्तो अनुभूति भइरहेको समयमा प्रदेशका मन्त्री महतोको कदमले जनता र जनकपुरधामको भ्रमणमा आउने पर्यटकमा आशा पलाएको छ।

● **प्रत्युषकुमार झा**, गोडैता नपा-११, सर्लाही

गलत सरकारी योजनामा फिल्म निर्माताको प्रतिरक्षा

धुरन्धर–२ ले नोटबन्दीको औचित्य पुष्टि गर्न गरेको परिकल्पना मोदी सरकार र भाजपाले समेत सोचेका थिएनन् होला



देश/विदेश

● करनजित कौर

'धुरन्धर : द रिभेन्ज' नामक हिन्दी फिल्म 'रिभिजनिज्म' (आफ्नो स्वार्थअनुरूप इतिहास परिवर्तन गर्ने विचार) को पछिल्लो उदाहरण हो। यसले भारतको आर्थिक इतिहासको सबैभन्दा दर्दनाक अवधिमध्ये एक 'डिमोनिटाइजेसन' अर्थात् भारतमा भनिने गरेको नोटबन्दीलाई सही ठहर्‍याउन रिभिजनिज्मको लापरबाहीपूर्वक प्रयोग गरेको छ।

फिल्मअनुसार, पाकिस्तानी गुप्तचर र अन्डरवर्ल्ड अपरेटिभ (जसमा दाउद इब्राहिमको काल्पनिक संस्करण पनि समावेश छ) ले सन् २०१६ मा उत्तर प्रदेशको चुनावमा आफ्नो पक्षधरलाई जिताउन ६ खर्ब भारतीय नक्कली मुद्रा भारत पठाएको छ। र, त्यसबारे थाहा पाएर नोभेम्बर ८, २०१६ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले एक टेलिभिजन सम्बोधनमार्फत देशभर हजार र पाँच सयको प्रयोग हटाउँछन्। फिल्ममा मोदीको वास्तविक सम्बोधन नै राखिएको छ। फिल्मको दाबीअनुसार यो 'मास्टरस्ट्रोक' पूर्ण कदम वास्तवमा सरकारले पाकिस्तानी षड्यन्त्र विफल बनाउन चालेको अत्यन्त चलाख कदम थियो।

फिल्मले नोटबन्दीपछि के भयो भन्ने वास्ता गर्दैन। लाखौँ भारतीयजस्तै मैले मोदीको भाषण आफूले काम गर्ने अनलाइन मिडियाको कार्यालयमा सुनेको थिएँ। भाषण सकिँदासम्म हाम्रो कार्यालय खाली बनेको थियो। व्यवस्थापनदेखि कार्यालय सहायकसम्म सबैजना नजिकैको एटिएममा पुग्न हतारिए। मुम्बईको सबैभन्दा महँगा क्षेत्रमध्ये एक र कहिल्यै शान्त नदेखिने छिमेक बान्द्रा हुँदै घर फर्किँदा एटिएमको लाइनमा रहेका प्रत्येक अनुहारमा चिन्ता र शंका स्पष्ट थियो। बान्द्राको अवस्था त्यस्तो थियो भने कल्पना गर्न सकिन्छ, देशको अन्यत्र के भइरहेको थियो होला।

त्यसपछिका दिनमा मानवीय पीडाका कैयौँ कथा र तस्बिर बाहिरिए, जुन बिर्सन असम्भव छ। बैंकमा असहाय भएर रोइरहेका वृद्ध मानिस, दैनिक ज्यालादारी गर्ने मजदुरको पीडा, जो आफ्ना रोजगारदाताबाट पुराना नोटमा गरिएका अग्रिम भुक्तानीका कारण ठगिए। बालीका लागि बिउ किन्न नसक्ने अवस्थामा पुगेका किसान। एकल आमा, जसले आफ्ना नोट समयमै साट्न नसकेका कारण पछि जलाउनुपर्‍यो। २० वर्षसम्म भिख मागेर ६५ हजार भारु जम्मा गरेका दृष्टिविहीन भिखारी, जसको सबै बचत बेकार भयो।

भारतीय अर्थतन्त्र अनुगमन केन्द्रको प्रक्षेपणअनुसार नोटबन्दीका कारण देशको अर्थतन्त्रले पहिलो ५० दिनमा मात्र १२.८ खर्ब भारुको क्षति व्यहोर्नुपर्‍यो। अझ यस तथ्यांकमा वास्तविक मानवीय पीडाको मात्रालाई समेटिएको छैन। यही असफलताका कारण भाजपाले नोटबन्दीलाई लिएर मौनता एक मात्र सम्मानजनक विकल्प ठानेको देखिन्छ। भारतको केन्द्रीय बैंक आरबिआईले आफ्नो वार्षिक प्रतिवेदनमा भनेअनुसार नोटबन्दीपछि ९९.३ प्रतिशत मुद्रा बैंकिङ प्रणालीमा फर्कियो।

भारतीय कल्पनामा एउटा छवि यति गहिरो रूपमा जरा गाडेको छ कि यो छवि नै भ्रष्टाचारको पर्याय बनेको छ। यो छविमा कालो धनले भरिएको जुटको बोरा, ओछ्यानमुनि वा गद्दाभित्र राखिएको हुन्छ। बलिउड फिल्मदेखि छापा कभरेज, राजनीतिक भाषणदेखि भ्रष्टाचारविरोधी अभियानमा यही छवि देखा पर्छ। यो छवि यति शक्तिशाली छ कि यसैले नोटबन्दीको पक्षमा आमसहमतिको आधार तयार पार्न सघायो।

तर, समस्या के छ भने यो छवि अपूर्ण छ। भारतमा कालो धन मुख्यतया नगदमा राखिँदैन। यो जमिन, घर, सुनचाँदी, अफसोर सेल कम्पनी र राजनीतिक वित्तपोषण उपकरण आदिमा लुकेको छ, जुन नोटबन्दीपछि थप फस्टायो।

अरुण कुमारद्वारा लिखित सन् २०१८ को पुस्तक 'डिमोनिटाइजेसन एन्ड ब्ल्याक इकोनोमी'मा यस नीतिको गहन र विस्तृत विश्लेषण गरिएको छ। पुस्तकअनुसार भारतीय अर्थतन्त्रको विशाल हिस्सा अर्थात् कुल जिडिपीमा ४५ प्रतिशत योगदान गर्ने अनौपचारिक क्षेत्र लगभग पूर्ण रूपमा नगदमा सञ्चालन हुन्छ, त्यो क्षेत्र नोटबन्दीमा पूर्ण पतनको संघारमा पुग्यो।

फिल्म 'धुरन्धर-२' को कथा पाकिस्तानी नक्कली मुद्राले भारतको वित्तीय प्रणालीमा पूर्ण रूपमा घुसपैठ गरेको विशिष्ट दाबीमा आधारित छ। जबकि उल्लेखनीय कुरा सन् २०१६ मा भारतमा प्रचलनमा रहेको मुद्रामा नक्कली मुद्राको हिस्सा लगभग ०.०२५ प्रतिशत मात्र थियो। फिल्ममा चित्रण गरिएको नक्कली मुद्राको काल्पनिक आपत्काल खासमा यस्तो रकमको वरिपरि घुम्छ, जुन गणितीय हिसाबले 'राउडिंग एरर' (नगण्य त्रुटि) मात्र मान्न सकिन्छ।

फिल्मको पहिलो भागले चलाखीपूर्वक पाकिस्तानको लियारीको वातावरणमा यसका पात्र र कथालाई प्रस्तुत गरेर दर्शकलाई फिल्मको संसारमा डुबाउन सफल भएको थियो। फिल्मबाट पाकिस्तानप्रति उदार रहेका दर्शक पनि मोहित भए। तर, अहिले आएको दोस्रो भागले दर्शकलाई धोका दिएको छ। उदारवादी र दक्षिणपन्थी दर्शकले अहिले आएर मात्र आफूहरू यति गहिरोसँग डुबेको फिल्म खासमा सुरुदेखि नै सरकारी नीतिको प्रचार गर्ने माध्यम मात्र रहेको बुझे। त्यसैले, अहिले फिल्मको चर्चा गर्ने सबैले फिल्मको अभिनय र संगीत उत्कृष्ट र द्वन्द्वका दृश्य लोभलाग्दा रहेको मात्र बताइरहेका छन्। आखिर आफ्ना दर्शकलाई धोका दिएर आफ्नो वास्तविक रंग प्रकट गर्ने फिल्मबारे यति मात्र भन्न सकिन्छ।

नौ वर्षसम्म नोटबन्दीको मुद्दामा मोदी सरकारको मौनता खासमा यसको सबैभन्दा ठुलो बुद्धिमत्तामध्ये एक थियो। 'धुरन्धर-२' ले एकै प्रहारमा त्यो मौनता तोडेको छ। र, धेरैको दिमागमा पुरानो पीडा ताजा बनाइदिएको छ।

(कौर पत्रकार हुन्)

द प्रिन्टबाट

इन्डोनेसियामा १६ वर्षमुनिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध



जकार्ता/ इन्डोनेसियामा बालबालिकालाई सामाजिक सञ्जालमा रोक लगाइएको छ। विश्वभरका सरकारले युवालाई अनलाइन हानिबाट जोगाउन कदम चाल्दै गर्दा इन्डोनेसियामा पनि १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोग गर्न प्रतिबन्ध लगाइएको हो। योसँगै इन्डोनेसिया सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने दक्षिणपूर्वी एसियाको पहिलो देश बनेको छ। सरकारले आइतबारदेखि लागू हुने गरी बालबालिकालाई युट्युब, टिकटक, फेसबुक, इन्स्टाग्राम, थ्रेड्स, एक्स, बिगो लाइभ र रोब्लोक्सलगायत प्लेटफर्ममा अकाउन्ट खोल्न रोक लगाएको छ।

सामाजिक सञ्जालका यी माध्यमलाई इन्डोनेसियाली सरकारले उच्च जोखिमको रूपमा वर्गीकृत गरेको छ। यो प्रतिबन्धले लगभग सात करोड बालबालिकालाई समेट्छ, जो इन्डोनेसियाको २८ करोड जनसंख्याको लगभग एकचौथाइ हो। प्रवर्तन र खाता निष्क्रिय क्रमशः लागू हुने अपेक्षा गरिएको छ।

एक्स र बिगो लाइभले पहिले नै पूर्ण रूपमा पालना गरिसकेका र ढिलाइ नगरी अन्य प्लेटफर्मलाई आफ्ना उत्पादन र सेवालाई नयाँ युगका नियमसँग मिलाउन आह्वान गरिएको सञ्चारमन्त्री मेउत्या हाफिदले बताइन्। उनले भनिन् कि यस विषयमा सम्झौता गर्ने कुनै ठाउँ छैन। सरकारको नियम पालना गर्न असफल हुने प्लेटफर्मलाई जरिवाना लगाउने र अस्वीकार गर्नेहरूमाथि राष्ट्रव्यापी प्रतिबन्ध लगाउने उनले चेतावनी दिइन्। सामाजिक सञ्जालले बालबालिकाको मानसिक स्वास्थ्यमा पार्ने प्रभाव, अनलाइन पोर्नोग्राफीको सम्पर्क, साइबरबुलिङ र इन्टरनेट लतबारे बढ्दो चिन्तालाई मनन गर्दै यो कदम चालिएको हो। धेरै प्लेटफर्मले नयाँ नियम पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै विज्ञप्ति जारी गरेका छन्।

बाल सुरक्षाका पक्षधरले यो निर्णयको स्वागत गरेका छन्। जकार्तास्थित अनलाइन सुरक्षा गैरनाफामुखी संस्थाकी संस्थापक डिएना हरियाणाले अनुसन्धानले सामाजिक सञ्जालको प्रयोगले बालबालिकाको मानसिक स्वास्थ्यलाई असर गर्न सक्ने र युवालाई डिजिटल प्रविधिमा कहिले र कसरी संलग्न हुने भन्नेबारे मार्गदर्शन आवश्यक रहेको बताइन्। उनले बालबालिकाले वास्तविक विश्व गतिविधिबारे जानकारी राख्न पाउनुपर्ने धारणा पनि राखिन्। यद्यपि, केही विज्ञले प्रतिबन्धलाई भर्चुअल निजी नेटवर्कमार्फत सजिलैसँग छल्न सकिने र व्यवहारमा प्रभावकारी कार्यान्वयन हुनेमा शंका व्यक्त गरे।

इतिहासमा आज मार्च ३१



सन् १८८९ : इफेल टावर खुला। फ्रान्सेली इन्जिनियर अलेक्जेन्डर गुस्ताभ एफिलले टावरको माथिबाट फ्रान्सेली झन्डा फहराएर टावरको उद्घाटन गरेका थिए। यो टावर पेरिसको सबैभन्दा प्रतिष्ठित स्थल बनेको छ।

सन् १९२१ : कोइला खानीमा काम गर्ने हजारौँ व्यक्तिको आन्दोलनपछि बेलायतमा आपत्काल घोषणा।

सन् १९६४ : ब्राजिलमा कुमार्फत सैन्य शासन सुरु। हमबर्टो कास्टेलो ब्रान्कोको शासनकालमा वामपन्थी विपक्षीमाथि चरम दमन हुँदा सन् १९६८ मा व्यापक सामाजिक अशान्ति र हडताल भएको थियो।

सन् १९६६ : करिब दुई लाख युद्धविरोधी प्रदर्शनकारीले न्युयोर्क सहरमा प्रदर्शन गरे।

सन् १९८० : अमेरिकाका पूर्वराष्ट्रपति जिम्मी कार्टरले बैंकिङ उद्योगलाई उदारीकरण गरे।

'सम्झौतामा नआए तेहरानका विद्युतीय प्लान्ट ध्वस्त पार्छौं'



तेहरान/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरान र वासिंटनबिच चाँडै सम्झौता नभएमा इरानको विद्युत् उत्पादन गर्ने प्लान्ट र खार्ग टापुलाई 'पूर्ण रूपमा ध्वस्त पार्ने' धम्की दिएका छन्। राष्ट्रपतिले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ सोसियलमार्फत सोमबारयस्तो चेतावनी दिएका हुन्। उनले तेल प्रवाह हुने अन्तर्राष्ट्रिय जलमार्ग हर्मुजलाई तत्काल खोल्न पनि इरानसँग माग गरेका छन्।

ट्रम्पले लेखेका छन्, 'संयुक्त राज्य अमेरिका इरानमा हाम्रो सैन्य अप्रेसन समाप्त गर्न नयाँ ढंगले गम्भीर छलफलमा छ। छलफलमा ठुलो प्रगति भएको छ। तर, यदि कुनै कारणले चाँडै सम्झौता भएन भने र हर्मुज जलमार्ग व्यापारका लागि तुरुन्तै खुला भएन भने हामी इरानमा सबै विद्युत् उत्पादन प्लान्ट, तेलका कुवा र खार्ग टापुलाई विस्फोट गरेर पूर्ण रूपमा ध्वस्त पारिदिन्छौं, जुन हामीले जानाजानी अहिलेसम्म छोएका छैनौं।'

तेहरानले वासिंटनसँगको कुनै पनि आधिकारिक वार्तालाई अस्वीकार गरेको छ। यद्यपि, इरानको तस्निम समाचार एजेन्सीका अनुसार उसले अमेरिकी राष्ट्रपतिले प्रस्तुत गरेको पन्ध्रबुँदे योजनाको जवाफ इस्लामाबादमार्फत पठाएको छ। अमेरिकासँग कुनै प्रत्यक्ष वार्ता नभएको तेहरानले प्रस्ट पारेको छ।

यसैबिच संयुक्त राज्य अमेरिका र इजरायलले सोमबार पनि इरानमाथि आक्रमण जारी राखेका छन्। जवाफमा इरानले खाडी अरब राज्यविरुद्धको आफ्नो अभियानको एक अंशको रूपमा कुवेतमा रहेको एक प्रमुख पानी र विद्युतीय प्लान्टमा आक्रमण गरेको छ। त्यस्तै, उत्तरी इजरायलमा रहेको एक तेल प्रशोधन केन्द्रमा पनि आक्रमण गरेको छ। इरानले सम्मानको संकेतको रूपमा सोमबारदेखि २० वटा तेल ट्यांकरलाई हर्मुजबाट जान अनुमति दिएको दाबी गरेको छ।

म्यानमारको राष्ट्रपतिमा सेनाप्रमुखको मनोनयन



यांगुन/ म्यानमारका सैन्य प्रमुख मिन आङ ह्लाइङलाई राष्ट्रपति पदका लागि मनोनयन गरिएको छ। सोमबार बसेको संसद्को बैठकमा ह्लाइङलाई राष्ट्रपति पदका लागि मनोनयन गरिएको हो।

केही साताअघि सम्पन्न आमचुनावमा सबैभन्दा ठुला विपक्षी दललाई रोक लगाइएको थियो र सेना समर्थित पार्टी विजयी भएको थियो। पाँच वर्षअघि सैन्य विद्रोहको नेतृत्व गरेकोमा धेरै पश्चिमी देशले उनलाई प्रतिबन्ध लगाएका छन्।

त्यसपछिको गृहयुद्धमा हजारौँ मानिस मारिएका छन् र लाखौँ विस्थापित भएका छन्। देशका ठुला क्षेत्रहरू अझै पनि सशस्त्र विपक्षी समूहको नियन्त्रणमा छन्। डिसेम्बर र जनवरीको बिचमा सम्पन्न आमचुनावलाई जुन्टाले शान्तिको बाटोको रूपमा प्रचार गरेको थियो। धेरै लोकप्रिय दललाई उम्मेदवारी दिन प्रतिबन्ध लगाइएको थियो र गृहयुद्धका कारण देशका ठुला क्षेत्रहरू मतदानमा सहभागी हुनबाट वञ्चित भएका थिए। मतदान स्वतन्त्र र निष्पक्ष भएको दाबी गर्दै सत्ताले यो आलोचनालाई अस्वीकार गरेको छ।

म्यानमारको नयाँ संसद्का लगभग ९० प्रतिशत सदस्य मिन आङ ह्लाइङप्रति बफादार छन्। सशस्त्र सेनामा कार्यरत अधिकारीको रूपमा उनीप्रति संसद् सदस्य ऋणी भएका हुन्। संविधानअनुसार संसद्मा सेनाका तर्फबाट एकचौथाइ सिट सुनिश्चित गरिएको छ। ह्लाइङ लामो समयदेखि राष्ट्रपति पदका लागि आकांक्षी रहेको बताइएको छ।

२०२० को चुनावमा सैन्य दलको निराशाजनक प्रदर्शनपछि आङ सान सुकीको नेतृत्वमा निर्वाचित सरकारलाई 'कु' गरिएको थियो।

तर, जोखिम अझै पनि कायम छ कि एकपटक मिन आङ ह्लाइङले सेनामाथिको पकड कमजोर भएमा आफ्नो केही शक्ति गुमाउनेछन्। उनले एक नयाँ परामर्श परिषद् पनि सिर्जना गरेका छन्, जसको नेतृत्व उनी आफैँले गर्नेछन्। परिषद्ले उनलाई सैन्य र नागरिक दुवै मामिलामा निरन्तर अधिकार दिन सक्छ। वास्तविक कुरा के हो भने नयाँ प्रशासन मूलतः हालको सैन्य जुन्टाको विस्तारित संस्करण मात्र हुनेछ, तर नागरिक पोसाकमा।

Request for Proposal (RFP)

Date of Publication: 31st March 2026

SuryaJyoti Life Insurance Company Limited (SJLIC) hereby invites sealed proposals/bids from eligible, qualified, and experienced company/firms for the procurement of server infrastructure and associated solutions, in accordance with the specifications, terms and conditions outlined in SJLIC's approved Request for Proposal (RFP) document.

Subject: "Supply, Delivery, and Implementation of Server Infrastructure"

S.N.	Description	Qty.
1	Rack Server	2
2	HCI Infrastructure License	1 lot

Bid Documents may be purchased from the office mentioned below upon payment of a non-refundable fee of NPR 2,000 (In words: Two thousand rupees only). The payment shall be made through bank transfer, QR or deposit into SuryaJyoti Life Insurance Company Limited's designated bank account and RFP will be provided upon email request with screenshot of Voucher at bid@suryajyotilife.com.

The Request for Proposal (RFP) document shall be provided to the bidder upon submission of the original receipt/voucher evidencing the deposited amount in the name of the Purchaser.

Interested and eligible company/firms are requested to submit their sealed proposals(physical), as defined in the RFP document, to SuryaJyoti Life Insurance Company Limited within **Seven (7) days** from the date of publication of this notice.

Contact No.: 9801238438/9802332997

Bank Account Details:
Account Name: **SURYAJYOTI LIFE INSURANCE COMPANY LIMITED**
Account Number: **5441249664152401**
Bank Name: **NIC ASIA BANK LTD**
Bank Branch: **THAPATHALI**

Sealed BID to be submitted at:
Administration Department
SuryaJyoti Life Company Limited
Shanta Plaza, Gyaneshwor, Kathmandu, Nepal

(Note: SuryaJyoti Life Insurance Company Limited reserves all the rights to reject any or all the proposals without mentioning any reason. Other detail of BID process and Terms & Condition will be applied as per the RFP documents.)

SuryaJyoti जीवनको लागि
SuryaJyoti Life Insurance Company Limited
Level 2, Shanta Plaza, Gyaneshwor, Kathmandu
01-4545941/42
www.suryajyotilife.com

धितो रहेको अचल सम्पति लिलाम-बिक्री गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ दिने सूचना

(दोस्रोपटक सूचना प्रकाशित मिति : २०८२ चैत्र १७ गते) नयाँ पत्रिका, राष्ट्रिय दैनिक

यस संस्थाबाट निम्नानुसार धितो सुरक्षण राखी तपसिल बमोजिम ऋण लिने सदस्यहरूले म्यादभित्र ऋण चुक्ता नगरी लिखित, मौखिक तर ताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएकाले सहकारी ऐन-२०७४ को दफा ७९, सहकारी नियमावली-२०७५ को नियम ३० र संस्थाको नियमानुसार गत २०८२ माघ ०२ मा कर्जा चुक्ता गर्न प्रथम पटक ३५ दिने सूचना प्रकाशित गरिसकेपछि पनि ऋण चुक्ता गर्न नआएका साथै कैयौंपटक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएका कारण पुनः दोस्रोपटक यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र संस्थामा आई अघिल्लो दिनसम्मको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क तथा अन्य दस्तुर समेत चुक्ता गरी सुरक्षण बापत रहेको धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित धितो दिनुहुने ऋणी सदस्यलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कर्जाको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क समेत नबुझाई बसेमा कानुन बमोजिम धितो सुरक्षणमा रोक्का रहेको जग्गा लिलाम भै जानेछ। पछि तपाईंको उजुरवाजुर लाग्ने छैन।

यो सूचना बमोजिम ३५ (पैंतीस) दिनभित्रमा पनि ऋण चुक्ता नभएमा संस्थामा धितो रहेको अचल सम्पत्ति लिलाम सकार गरिलिन इच्छुक महानुभावहरूमा यो सूचना पत्रिकामा प्रकाशित मितिले ३६ (छत्तीसौं) दिनदेखि ४२ औं (बयालिसौं) दिनभित्र (अन्तिम दिन बिदा परेमा लगत्तै भोलिपल्ट) यस संस्थामा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (२०८३ बैशाख २९) वा सो दिन बिदा परेमा लगत्तै त्यसको भोलिपल्ट संस्थाको कार्यालय खुलेको दिनमा दिनको १३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधिहरूलाई उपस्थित हुन समेत सूचित गरिन्छ, तर बोलपत्रवालाको अनुपस्थितिको कारण बोलपत्र खोल्न बाधा पुग्ने छैन।

बोलपत्र फारम संस्थाको कार्यालय, सुन्धाराबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।
धितो रहेको सम्पत्ति हेर्न चाहेमा संस्थाको कार्यालय, सुन्धारामा सम्पर्क गरी हेर्न सकिनेछ।

तपसिल

कर्जा शीर्षक	ऋणीको विवरण	धितोको विवरण
व्यापार कर्जा	नाम : श्री रमेश चन्द्र श्रेष्ठ (नागरिकता नं. ५९४६/६१३/४१, काठमाडौं - २०३० असार १७) बाजे : लाल श्रेष्ठ बाबु : राम बहादुर श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, सतुंगल गाविस, वडा नं. ७, धवलागिरि गेट (हाल ऐ चन्द्रागिरि नगरपालिका) 	ऋणी रमेश चन्द्र श्रेष्ठको नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको देहाय बमोजिमको जग्गा :- का.जि., सतुंगल गाविस-७, कि.नं. १५११, क्षेत्रफल ०-१०-०-० (३१७.९६ व.मी.) को जग्गा।
व्यापार कर्जा	नाम : श्री उत्कृष्ठ प्रधान (नागरिकता नं. ०२७ ३४६-३१४७, काठमाडौं - २०६३ माघ २०) बाजे : राम बहादुर श्रेष्ठ बाबु : रमेश चन्द्र श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, सतुंगल गाविस, वडा नं. ७, धवलागिरि गेट (हाल ऐ चन्द्रागिरि नगरपालिका) 	ऋणीका पिता रमेश चन्द्र श्रेष्ठको नामको मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको का.जि., सतुंगल गाविस-५क, कि.नं. १०९८, क्षेत्रफल ०-११-१-३ को जग्गा।

बोलपत्रका शर्तहरू :

१. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भै धरौटी रकम स्वतः जफत हुनेछ।
२. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरू बोलपत्रदाता स्वयंले नै बेहोर्नुपर्नेछ।
३. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार संस्थामा निहित रहनेछ।
४. अन्य शर्त बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.
सुन्धारा, काठमाडौं।
फोन नं. : ५-३६८ ५४३, ५-३६७ ५३३, ५-९०३ ४१६

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०१/०७ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१. ऋणी: राममाया दमाई बाबुको नाम : गोविन्द दमाई पतिको नाम : तिलक बहादुर दमाई ससुराको नाम : वुद्धिमान दमाई ठेगाना: पिंडा-०३, धादिङ हालको ठेगाना : गजुरी -०६, धादिङ ना.प्र.नं. : १६१२६, जारी मिति : २०५३/०६/२३ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ **कर्जा लिइएको शाखा : मलेखु, धादिङ** **जमानतकर्ताको विवरण** **क) नाम : तिलक बहादुर दमाई** बाबुको नाम : बुद्धिमान दमाई बाजेको नाम : श्याम दमाई ठेगाना : पिडा -०३, धादिङ हालको ठेगाना : गजुरी -०६, धादिङ ना.प्र.नं. : ३/६२८८, जारी मिति : २०४४/१२/१५ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ **ख) नाम : सुमन परियार** बाबुको नाम : तिलक बहादुर दमाइ बाजेको नाम : वुद्धिमान दमाई ठेगाना : पिंडा -०३, धादिङ हालको ठेगाना : गजुरी-०६, धादिङ ना.प्र.नं. : १/५३१०५, जारी मिति : २०६८/११/११ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ	**ग) नाम : सन्तोष परियार** बाबुको नाम : तिलक ब. दमाई बाजेको नाम : वुद्धिमान दमाई ठेगाना : पिंडा -०३, धादिङ हालको ठेगाना : गजुरी -०६, धादिङ ना.प्र.नं. : २६३०४०-७०/६५३ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ जारी मिति : २०७०/०२/२७ **घ) नाम : सुजन परियार** बाबुको नाम : तिलक बहादुर दमाई बाजेको नाम : वुद्धिमान दमाई ठेगाना : पिडा-०३, धादिङ हालको ठेगाना : गजुरी-०६, धादिङ ना.प्र.नं. : २६१/४८६०७, जारी मिति : २०६८/०५/२६ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ **सुरक्षणमा रहेको धितोको विवरण:** श्री भूमिसुधार तथा मालपोत कार्यालय धादिङमा राममाया दमाईको नाममा दर्ता कायम रहेको धादिङ जिल्ला पिडा-०३/०३च, स्थित कि.नं.: ३३० र ३३२ को क्षेत्रफल क्रमशः १०८९.०१ र ४४५.०६ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२. ऋणी: सुनिता शाही बाबुको नाम : हरि बहादुर शाही पतिको नाम : एकेन्द्र शाही ससुराको नाम: मान बहादुर शाही ठेगाना : बैजनाथ-०२, बाँके ना.प्र.नं. : ६६-०६-७५-०२९३७ जरी गर्ने कार्यालय : जि.प्र.का., बाँके जरी मिति : २०७५/०८/१८ **कर्जा लिएको शाखा : राँझा, बाँके** **जमानतकर्ताको विवरण** **क) नाम: मान बहादुर शाही** बाबुको नाम : बल ब. शाही बाजेको नाम : गोरु शाही ठेगानाः डाडाखाली-०९, सुर्खेत, हालः बैजनाथ-०२, बाँके ना.प्र.नं. : ७८९, जारी मिति : २०४५/०१/१४ जारी गर्ने कार्यालय : जि.का., सुर्खेत	**ख) नाम: खीमा शाही** पतिको नाम : मान ब.शाही ससुराको नाम : बल बहादुर शाही ठेगानाः डाडाखाली-०८, सुर्खेत हाल : बैजनाथ-०२, बाँके ना.प्र.नं.: ४८३, जारी मिति : २०४४/१२/०४ जारी गर्ने कार्यालय : जि.का., सुर्खेत **ग) नाम: सपना चन्द शाही** बाबुको नाम : यान बहादुर चन्द पतिको नाम : बेद प्रकाश शाही ससुराको नाम : मान बहादुर शाही ठेगाना : बैजनाथ-०२, बाँके ना.प्र.नं.: ६६-०६-७४-०२१३२ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके जारी मिति : २०७४/०४/२७
सुरक्षणमा रहेको धितोको विवरण: श्री मालपोत कार्यालय नेपालगञ्ज बाँकेमा मान बहादुर शाहीको नाममा दर्ता कायम रहेको बाँके जिल्ला, नौवस्ता-०१, स्थित कि.नं. ३०६ को क्षेत्रफल १२३१ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणी/प्रोप्राइटर/जमानतकर्ताको विवरण	जमानतकर्ताको विवरण
३. ऋणी: अजय सप्लायर्स दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौंडा प्रा.फ.र.नं. : १२९९/५८१/२०७५/२०७६ दर्ता मितिः २०७५/११/२१ फर्मको ठेगानाः हेटौडा-१६, मकवानपुर पान नं.: ६०९३२२१५४ **प्रोप्राइटर/जमानतकर्ताको नाम: अजय सापकोटा** बाबुको नाम : अर्जुन सापकोटा बाजेको नाम : समसेर बहादुर सापकोटा ठेगाना : हटिया-०८, मकवानपुर हालः हटिया-१९, मकवानपुर ना.प्र.नं.: ३१-०१-७३-०२३०८ जारी गर्ने कार्यालयः जि.प्र.का., मकवानपुर जारी मितिः २०७३/०२/२० **कर्जा लिएको शाखा : रजैया, मकवानपुर** **सुरक्षणमा रहेको धितोको विवरण:** श्री मालपोत कार्यालय मकवानपुरमा ललिता सापकोटाको नाममा दर्ता कायम रहेको हटीया वडा नं.०१ स्थित कित्ता नं. ६५३० को क्षेत्रफल २३७.०२ वर्ग मिटर रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**क) नाम: अर्जुन सापकोटा** बाबुको नामः समसेर बहादुर सापकोटा बाजेको नामः जय बहादुर सापकोटा ठेगानाः हटिया-०९, मकवानपुर हालः हेटौडा- १६, मकवानपुर ना.प्र.नं. : ३३७, जारी मितिः २०५१/०८/२३ जारी गर्ने कार्यालय :जि.प्र.का. मकवानपुर **ख) नाम: अजित सापकोटा** बाबुको नामः अर्जुन सापकोटा बाजेको नामः समसेर बहादुर सापकोटा ठेगाना : हटिया-०८, मकवानपुर हालः हेटौडा-१६, मकवानपुर ना.प्र.नं. : ३१-०१-७०-०५९९५ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर जारी मितिः२०७०/०५/२७ **ग) नाम : ललिता सापकोटा** बाबुको नामः गोपी बहादुर पुडासैनी पतिको नाम : अर्जुन सापकोटा ससुराको नामः समसेर बहादुर सापकोटा ठेगानाः हटिया-०८, मकवानपुर हालः हेटौडा-१६, मकवानपुर ना.प्र.नं. : ३११०१३/५६०३१, जारी मितिः २०६५/०९/२२ जारी गर्ने कार्यालय : जि.प्र.का. मकवानपुर

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १७ चैत ०८२

भारतले नेपाललाई विद्युत् दिने समय घटायो, परिमाण बढायो

३ वैशाखबाट दैनिक १६ घण्टा मात्रै विद्युत् आयात हुने, ९५० मेगावाटसम्म खरिद गर्न सकिने

मिलन विश्वकर्मा/नयाँ पत्रिका


भारतले आफ्नो इनर्जी एक्सचेन्ज मार्केट (आइइएक्स)बाट ३ वैशाख (१६ अप्रिल)देखि नेपाललाई दैनिक १६ घण्टा मात्रै विद्युत् दिने भएको छ। भारतको केन्द्रीय विद्युत् प्राधिकरणले सोमबार आइइएक्सबाट खरिद गर्न पाउने विद्युत्को अनुमतिपत्र नवीकरण गर्दै समय घटाएको हो। तर, खरिद गर्न पाउने विद्युत्को परिमाण भने बढाएको छ।

भारतले आइइएक्सबाट चौबिसै घण्टा ६ सय ५४ मेगावाट विद्युत् खरिद गर्न पाउने गरी नेपाल विद्युत् प्राधिकरणलाई दिएको अनुमतिपत्रको म्याद मंगलबारसम्म छ। सोमबार भारतले १ अप्रिलपछिका लागि अनुमतिपत्र नवीकरण गर्दै विद्युत् पाउने समय घटाएको हो। नयाँ अनुमतिअनुसार अप्रिल १ देखि १५ तारिखसम्म २४ घण्टा नै विद्युत् पाइनेछ। त्यसपछि भने दैनिक १६ घण्टा विद्युत् पाउने गरी अनुमति आएको प्राधिकरणका प्रवक्ता राजन ढकालले बताए। उनका अनुसार अप्रिल १६ देखि ३० तारिखसम्म बिहान दुईदेखि साँझ ६ बजेसम्म विद्युत् पाइनेछ। त्यसपछि मे, जुन, जुलाई र अगस्ट महिनामा भने बिहान चारदेखि बेलुका आठ बजेसम्म विद्युत् पाउने गरी अनुमति प्राप्त भएको प्रवक्ता ढकालले जानकारी दिए। भारतले यसअघि रात र पिक आवरमा विद्युत् दिने गरेको थिएन। त्यो नियति यसपालि पनि दोहोरिएको हो।

तर, भारतले नेपाललाई दिने विद्युत्को परिमाण भने बढाएको छ। यसअघि ६ सय ५४ मेगावाट विद्युत् खरिद गर्न पाइने थियो। तर, अब नौ सय ५० मेगावाटसम्म विद्युत् खरिद गर्न पाइनेछ। त्यसमा चार सय केभीको मुजफ्फरपुर-ढल्केबर अन्तरदेशीय प्रसारणलाइनबाट ६ सय मेगावाटसम्म विद्युत् खरिद गर्न पाइनेछ। उत्तरप्रदेशबाट थप ५० मेगावाट विद्युत् खरिद गर्न पाउने गरी अनुमति आएको छ। बिहारबाट भने अप्रिल र मेमा दुई सय २० मेगावाट र त्यसपछिका महिनामा तीन सय मेगावाट विद्युत् खरिद गर्न पाउने गरी अनुमति आएको छ।

मध्यपूर्वको युद्धको असर

मध्यपूर्वको तनावका कारण पनि भारतले विद्युत् दिने समय घटाएको प्राधिकरणका एक अधिकारीले बताए। 'मध्यपूर्वको तनावले इन्धन तथा ग्यासको आपूर्ति प्रभावित भएको छ। यो अवस्थामा





विद्युतीय चुलो, विद्युतीय गाडीजस्ता विद्युतीय उपकरणको प्रयोग बढ्ने देखिएको छ। यसले भारतमा पनि विद्युत्को माग बढ्न सक्ने भएकोले भारतले विद्युत् दिने समय घटाएको हुन सक्छ,' प्राधिकरणका एक अधिकारीले भने, 'तर, भारतले १६ घण्टा भए पनि विद्युत् दिन्छु भनेको छ, यो सकारात्मक पक्ष हो।' आगामी जेठ मध्यबाट भने नेपालमा उत्पादन बढ्न सुरु गर्छ। असारदेखि निर्यात नै सुरु हुन्छ।

त्यसपछिका लागि समस्या नहुने प्राधिकरणको भनाइ छ।

बर्खामा विद्युत् निर्यात गर्ने नेपालले सुक्खा याममा भने आयात गर्नुपर्छ। त्यसमा प्राधिकरणले आइइएक्स, संयुक्त पावर एक्सचेन्ज कमिटी (पिइसी) र भारतका कम्पनीसँग पिपिए गरेर विद्युत् आयात गर्दै आएको छ। त्यसमा आइइएक्स ठुलो स्रोत हो।

आन्तरिक माग धान्न चुनौती

भारतबाट रातको समयमा विद्युत् नआएको अवस्थामा आन्तरिक माग धान्न केही चुनौती हुने देखिन्छ। तर, रातिको समयमा विद्युत् आयात गर्न पिइसी र पिटिसी इन्डियासँगको सम्झौता भने विकल्प छ। प्राधिकरणले पिटिसी इन्डियाबाट एक सय ८० मेगावाट विद्युत् अहिले पनि २४ घण्टा नै खरिद गरिरहेको छ। पिटिसीसँगको सम्झौताको म्याद मेसम्म छ। यसैगरी, केही साताअघि नेपालमै सम्पन्न पिइसी बैठकमा भारतको बिहार, उत्तर प्रदेश र उत्तरखण्डबाट आयात गरिने बिजुलीको नयाँ दर लागू गरिएको छ, जुन टेक एन्ड पे मोडेलमा हो। आवश्यक परेको त्यहाँबाट विद्युत् ल्याउन सकिने प्राधिकरणको भनाइ छ।

प्राधिकरणका प्रवक्ता ढकालले विद्युत् आपूर्ति प्रभावित नहुने दाबी गरे। 'पिक आवरको समयमा बाहेक रातिको समयमा विद्युत् माग कम हुन्छ। अब हामी दिउँसो आयात बढाएर नेपालका जलाशय र अर्धजलाशय परियोजनामा पानी जम्मा गर्ने र राति त्यसबाटै उत्पादन बढाउने रणनीतिमा छौं,' उनले भने, 'पिटिसीबाट त निरन्तर रूपमा एक सय ८० मेगावाट विद्युत् २४ घण्टा नै आयात भइरहेको छ। पिइसीबाट पनि आवश्यक परेको अवस्थामा बिजुली ल्याउन सकिन्छ। त्यसले गर्दा त्यति समस्या हुँदैनजस्तो लाग्छ।'

तर, गर्मी बढेपछि भने विद्युत् व्यवस्थापनमा चुनौती हुने प्राधिकरणका एक अधिकारीले बताए। 'अझै पनि गर्मी समय सुरु भएको छैन। त्यसले गर्दा अहिले समस्या छैन। तर, अब केही सातामा गर्मी बढ्छ। गर्मी बढेपछि विद्युत्को माग २४ सय मेगावाटसम्म पुग्छ। त्यो अवस्थामा विद्युत् व्यवस्थापन चुनौतीपूर्ण हुन्छ,' उक्त अधिकारीले बताए। यही जोखिमलाई दृष्टिगत गर्दै प्राधिकरणले भारतबाट पिपिए नै गरेर थप १०० मेगावाट विद्युत् गर्न टेन्डर गरेको थियो। तर, त्यसमा प्रस्ताव नै परेन।

एक अर्ब १० करोडमा नागढुंगा सुरुङमार्ग सञ्चालनको ठेक्का चिनियाँ कम्पनीलाई

वैशाख अन्तिममा परीक्षण, साउन पहिलो सातादेखि व्यावसायिक सञ्चालन



नयाँ पत्रिका

नागढुंगा-सिस्नेखोला सुरुङमार्ग सञ्चालनको ठेक्का चिनियाँ संलग्न ज्वाइन्ट भेन्चर कम्पनी युक्सिन-एआरटीले पाउने भएको छ। सडक विभागअन्तर्गतको परियोजना कार्यालयले सोमबार सुरुङमार्ग सञ्चालनको ठेक्का पाँच वर्षका लागि युक्सिन-एआरटीलाई दिने गरी आशयपत्र जारी गरेको हो।

करसहित एक अर्ब १० करोड ४० लाख ३७ हजार रुपैयाँमा ठेक्का दिने गरी आशयपत्र जारी गर्दै विभागले दाबी विरोधका लागि एक साताको समय दिएको छ। त्यसपछि परियोजनाले १५ दिनको समय दिएर युक्सिन-एआरटीलाई ठेक्का सम्झौताका लागि बोलाउनेछ। कुनै अवरोध नआएमा अबको २२ दिनमा ठेक्का सम्झौता हुने विभागले जनाएको छ। ठेक्का रकमअनुसार परियोजना सञ्चालमा वार्षिक औसत २२ करोड खर्च हुनेछ। विभागले वार्षिक ३५ करोड लागत लाग्ने अनुमान गरेको थियो।

परियोजनाका निर्देशक सौजन्य नेपालले युक्सिन-एआरटीलाई सुरुङमार्ग सञ्चालन ठेक्का दिने गरी आशयपत्र जारी भएको बताए। 'दाबी विरोधका लागि सात दिनको समय दिइएको छ। त्यसपछि सम्बन्धित कम्पनीलाई ठेक्का सम्झौताका लागि १५ दिनको समय दिएर सूचना आह्वान गर्नेछौं,' उनले भने, 'नियमित प्रक्रियामा काम भएमा अबको २१-२२ दिनमा ठेक्का सम्झौता हुनेछ।'

